### मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



## Teachers Wanted

| Post | Level | Qualification |
|---|---|---|
| English Teacher | Basic | +2 & equivalent |
| Science Teacher | Basic | +2 & equivalent |
| Math Teacher | Secondary | Bachelor's Degree |
| Science Teacher | Secondary | Bachelor's Degree |
| भान्छे दिदी | ***** | साधारण लेखपढ |

Priority will be given for experienced candidates.
Please submits application and C.V. within Chaitra.

**Creative English Secondary School**

Mahalaxmisthan-10,, Bhaktapur
contact no.: 01-6617174



★ वर्ष : २८ ★ अङ्क : ७४ ★ ने. सं. ११४६ चौला गा, पञ्चमी ★ मङ्गलबार ★ २४ चैत, २०८२ ★ April 7, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


### नेमकिपाको केन्द्रीय बैठक सम्पन्न

# मादल चिह्नमा छाप हाल्ने सम्पूर्ण नेपाली जनतालाई धन्यवाद ज्ञापन




काठमाडौँ, २३ चैत । नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशनपछिको तेस्रो केन्द्रीय समितिको बैठक २०८२ चैत २१ गते सुरु भई २३ गते मङ्गलबार सम्पन्न भयो ।

पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा बसेको बैठकले २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाल मजदुर किसान पार्टीलाई मत दिने सम्पूर्ण नेपाली जनतालाई धन्यवाद ज्ञापन गऱ्यो ।

बैठकमा पार्टी अध्यक्षले पार्टी प्रकाशनको अध्ययन र अन्तरक्रियामा जोड दिँदै पार्टी र जनवर्गीय एवम् पेशागत सङ्गठनहरूको थप सक्रियता जरुरी भएको उल्लेख गर्नुभयो ।

उहाँले पार्टीका जिम्मेवार कार्यकर्ताहरू पार्टी सिद्धान्तअनुसार सक्रिय भएर जनतालाई राजनीतिक रूपले शिक्षित र सङ्गठित गर्नुपर्नेमा जोड दिँदै मजदुर आन्दोलनमा देखा परेका पुँजीवादी विचारको खण्डन हुनुपर्ने औँल्याउनुभयो ।

बैठकमा जिल्ला, पालिका र वडा पार्टी समितिहरूमार्फत स्थानीय जनताको भेला राखी नेपाल मजदुर किसान पार्टीलाई अमूल्य मत दिने जनतालाई धन्यवाद ज्ञापन गर्ने पनि निर्णय भयो ।

१३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस सन् २०२६ मे १ तदनुसार २०८३ वैशाख १८ को अवसरमा जिल्ला, पालिका र वडा पार्टी समितिहरूसम्म पार्टी प्रकाशनबारे अध्ययन र छलफल गर्ने पनि बैठकले निर्णय गऱ्यो ।

बैठकले भेनेजुयला र इरानमा ट्रम्प प्रशासनको आक्रमणको विरोध एवम् भर्त्सना गऱ्यो भने क्युवाविरुद्ध ट्रम्प प्रशासनको नाकाबन्दीको विरोध गऱ्यो । साम्राज्यवादको पतन तथा समाजवादको विजयको अवश्यम्भाव्यताका विषयमा नयाँ पुस्तालाई शिक्षित गर्दै जाने बैठकमा जोड दिइयो ।

सोही बैठकले नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवालले प्रस्तुत गर्नुभएको पार्टी प्रतिवेदन सुझावसहित पारित गऱ्यो ।

# नेताहरू, जनतासँग छलकपट नगरौँ !

बेलायती क्रान्तिपछि संसारमा साह्रै चर्चित क्रान्ति हो फ्रान्सेली राज्य क्रान्ति । यसबारे धेरै साहित्य लेखिएको पाइन्छ । दक्षिणपन्थी कुलीन सामन्त र धर्मगुरुहरू (पादरीहरू), भ्रष्टाचारी एवम् विदेशी एजेन्टहरू एकातिर थिए भने जेकोबिनवादीहरू वामपन्थी थिए । जेकोबिनवादीहरू गणतन्त्र चाहन्थे । त्यसबेला फ्रान्सका बुद्धिजीवीहरूमा बेलायती क्रान्तिको प्रभाव थियो; नेपालको प्रजातान्त्रिक आन्दोलनमा भारतको प्रभाव भएजस्तै ।

मध्यमवर्ग, स-साना कुलीन सामन्तहरू, पूर्ण परिवर्तन नचाहने पुँजीपति र व्यापारीहरू एवम् बैङ्कपतिहरूबिचको धाराका थिए । तिनीहरू गणतन्त्र ल्याउने वा राजालाई ज्यान सजाय गर्ने पक्षमा थिएनन् । तिनीहरू कहिले दक्षिणपन्थी र कहिले वामपन्थी हुन्थे । तिनीहरूमा गिरोन्डिनहरूको प्रभाव थियो । गिरोन्डिनहरू संवैधानिक राजतन्त्रमा चित्त बुझाउन चाहन्थे ।

जेकोबिनहरू मजदुर, किसान, पसले, कालीगड, परिवर्तनवादी वकिल र बुद्धिजीवीहरू थिए । त्यसबेला राजधानी पेरिसमै धेरै छलफल र भाषण दिने क्लवहरू थिए । जेकोबिनहरू सङ्ख्या र विचारमा अगाडि थिए; पेरिसवासीहरू जेकोबिनहरूको पक्षमा थिए ।

तर, सयौँ र हजारौँ सङ्ख्याका क्लवहरूमा राजावादी र दक्षिणपन्थीहरू गिरोन्डिनहरूमा घुसेका थिए । त्यस्तै, प्रभावशाली खान्दानी व्यक्तिहरू पनि जेकोबिनहरूमा घुसेका थिए ।

मिराबोँ भन्ने एक खान्दानी सामन्तको छोरो जेकोबिन क्लवमा घुसे । राजाले टेनिस कोर्टको सभाभवनमा बैठक गर्न खोज्दा रङ्गरोगन गर्ने निहुँमा बाहिर जान आदेश दिए । त्यसैबेला मिराबोँ कड्केर ठुलठुलो स्वरमा कराए, "कसले यो आदेश दिएको हो ? त्यसकहाँ गएर भन, हामी यहाँबाट जानेछैनौँ ! तरबारको चुच्चोले घोचेर मात्रै हामीलाई यहाँबाट निकाल्न सक्नेछ ।"

मिराबोँ साह्रै क्रान्तिकारी देखिए - त्यसबेला । पत्रपत्रिकाले उनको साह्रै प्रचार गरे तर मिराबोँ बेलायतबाट प्रभावित थिए । उनी भित्रभित्र संवैधानिक राजतन्त्रको पक्षमा थिए । उनी प्रधानमन्त्री भए; उनीमाथि राजदरबारको विश्वास थियो । तर, दरबारिया, धर्माधिकारी, बैङ्कपति, व्यापारी र सामन्तहरू क्रान्तिलाई दबाउन चाहन्थे ।

जेकोबिनहरू गणतन्त्र चाहन्थे र गिरोन्डिनहरूबिचको बाटो लिन चाहन्थे ।

***बाँकी पृष्ठ ८ मा***

### व्यङ्ग्यचित्र कुनो





### वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात।

- ❖ राहदानी र नागरिकताको प्रतिलिपि,
- ❖ वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- ❖ निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- ❖ अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- ❖ म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- ❖ रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- ❖ बीमा गराएको कागजको प्रतिलिपि,
- ❖ कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- ❖ विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# युद्धको घेरामा मध्यपूर्व, विश्व चिन्तामा

पेरिस, ६ अप्रिल (एएफपी) । मध्यपूर्वमा जारी द्वन्द्व तीव्र बन्दै जाँदा इरान, इजरायल, अमेरिका र क्षेत्रीय शक्तिहरूबिचको तनाव खतरनाक मोडमा पुगेको छ । पछिल्ला घटनाक्रमहरूले युद्ध अझ फैलिने सङ्केत देखाएका छन् भने मानव क्षति, ऊर्जा सङ्कट र कूटनीतिक टकराव एकैसाथ बढिरहेका छन् ।

इजरायलको उत्तरी औद्योगिक सहर हाइफामा इरानले गरेको क्षेप्यास्त्र आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको छ । सात तले आवासीय भवनमा सीधा प्रहार हुँदा भवन आंशिक रूपमा ढलेको र भग्नावशेषमा हराइरहेका अन्य दुई जनाको खोजी भइरहेको इजरायली अग्नि तथा उद्धार सेवाले जनाएको छ । यस आक्रमणसँगै इजरायलले पनि इरानको राजधानी तेहरानमा आक्रमणको शृङ्खला सञ्चालन गरेको पुष्टि गरेको छ । इरानी सञ्चारमाध्यमहरूले तेहरानका विभिन्न आवासीय क्षेत्रमा विस्फोट भएको र केही स्थानमा ग्यास आपूर्ति अवरुद्ध भएको बताएका छन् ।

यसैबिच, इरानले नागरिक संरचनामाथि आक्रमण दोहोरिए अझ 'विनाशकारी' जवाफी कारबाही गर्ने चेतावनी दिएको छ । खातम अल-अन्बिया केन्द्रीय मुख्यालयका प्रवक्ताले आगामी चरण अझ व्यापक हुने सङ्केत दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानले स्ट्रेट अफ होर्मुज पुनः सञ्चालन नगरे नागरिक पूर्वाधारमाथि कडा आक्रमण गर्ने चेतावनी दोहोऱ्याउँदै समयसीमा २४ घण्टा थप गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत पुल र विद्युत् संरचनामाथि आक्रमण गर्ने धम्की दिए भने इरानका संसदीय नेतृत्वले यस्तो कदमले सम्पूर्ण क्षेत्र जल्न सक्ने प्रतिक्रिया दिएको छ ।

द्वन्द्व क्षेत्र विस्तार हुँदै खाडी मुलुकसम्म पुगेको छ । कुवेत र संयुक्त अरब इमिरेट्सले आफ्नो हवाई सुरक्षाले मिसाइल र ड्रोन आक्रमणहरू विफल पारिरहेको बताएका छन् । यसैबिच, इरान समर्थित लेबनानी समूह हिजबुल्लाहले उत्तरी इजरायलतर्फ रकेट प्रहार पुनः सुरु गरेपछि लेबनान पनि युद्धमा गहिरिँदै गएको छ ।

लेबनानमा इजरायली आक्रमणले ठुलो मानवीय क्षति पुऱ्याएको छ । आइतबार मात्र कम्तीमा १५ जनाको मृत्यु भएको र दर्जनौँ घाइते भएका छन् । बेरुतमा पाँच जनाको ज्यान गएको, पूर्वी क्षेत्रमा रहेको ऐन सादेहमा तीन जनाको मृत्यु भएको तथा दक्षिणी सहर कफर हट्टामा चार वर्षीया बालिकासहित सात जनाको ज्यान गएको लेबनानी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

युद्धको प्रभाव ऊर्जा बजारमा पनि स्पष्ट देखिएको छ । विश्वव्यापी आपूर्ति जोखिमका कारण कच्चा तेलको मूल्य उल्लेख्य रूपमा बढेको छ । नर्थ सी ब्रेन्ट र अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियेट दुवैको मूल्य १० प्रतिशतभन्दा माथि उक्लिएको छ, जसले विश्व अर्थतन्त्रमा थप दबाब सिर्जना गर्ने सङ्केत गरेको छ । यस्तै, ओपेक प्लसले मे महिनादेखि दैनिक दुई लाख छ हजार ब्यारेल उत्पादन वृद्धि गर्ने निर्णय गरे पनि हालैका आक्रमणले क्षतिग्रस्त ऊर्जा संरचना मर्मत गर्न समय लाग्ने चेतावनी दिएको छ ।

सैन्य मोर्चामा अमेरिका पनि प्रत्यक्ष रूपमा सक्रिय देखिएको छ ।

***बाँकी पृष्ठ ८ मा***




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा विषादी न्यूनीकरणको लागि कृषि तथा व्यवसायसँग अन्तरक्रिया तथा सचेतना कार्यक्रम ।
*तस्बिर : मजदुर दैनिक*

# लोकेश्वर साकोस अध्ययन अवलोकन भ्रमण सम्पन्न

भक्तपुर, २३ चैत । लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा संस्थाका सदस्यहरूलाई नुवाकोटस्थित दुप्चेश्वर महादेव अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको छ ।

संस्थाका ३०० भन्दा बढी सदस्य तथा बाल सदस्यहरूको उपस्थिति रहेको सो भ्रमणको औपचारिक कार्यक्रममा साबिक भनपा १५ वडाका वडाध्यक्ष रवीन्द्र खर्बुजाले नेपालमा धेरै लुकेका रमणीय र धार्मिक महत्त्व बोकेका स्थानहरूको खोजी गरी विकास गर्नुपर्ने बताउनुभयो । भ्रमणबाट सदस्यहरूले नयाँ ठाउँ र सो क्षेत्रको भौगोलिक स्थितिबारे बुझ्न मौका पाएको कुरा उहाँले राख्नुभयो ।

संस्थाका अध्यक्ष राजन जतिले सहकारी संस्थाले वित्तीय कारोबार मात्र नभई सदस्यहरूको आर्थिक एवं सांस्कृतिक स्तर उकास्ने कार्यक्रमका साथै सदस्यहरूको चाहनाअनुसार मनोरञ्जनात्मक, धार्मिक आस्था बोक्ने र शैक्षिक जानकारीमूलक अध्ययन अवलोकन भ्रमणको आयोजना गरेको बताउनुभयो ।

संस्थाका सचिव एवं युवा तथा अतिरिक्त क्रियाकलाप उपसमितिका संयोजक राजु छुकांको सभापतित्वमा भएको कार्यक्रममा संस्थाका लेखापाल शर्मिला मानन्धरले पनि बोल्नुभएको थियो ।

# अन्ध अपाङ्गजस्ता असहाय महानुभावहरूलाई मानवीय सहयोग

भक्तपुर, २३ चैत । यस मध्यपुर थिमि नगर २, गट्ठाघर खेल मैदानमा अस्ट्रिया निवासी, मानवीय समाजसेवी फ्रिजी ग्रीफ दम्पत्तिले यसै नगर क्षेत्रभित्रका अन्ध अपाङ्गजस्ता असहाय महानुभावहरूलाई चामल १ बोरा, झुल १, साना विद्यार्थी भाइ बहिनीहरूलाई किताब, कापी बोक्ने झोला, कापी, शिशाकलम र इरेजर ४० जना अन्धा अपाङ्गहरूलाई निःशुल्क सहयोग गरे ।

सो कार्यक्रममा समाजसेवी दाता फ्रिजी ग्रीफले स्वागत गर्दै गीत सुनाउनुभयो । मध्यपुर थिमि नगरपालिका वडा नं ७ का वडा अध्यक्ष कृष्णकुमार प्रजापतिले Frizzey Light Organization, Austria का संस्थापक अध्यक्ष साहित्यकार, कलाकार फ्रिजी ग्रीफले अन्तर्राष्ट्रिय मानवीय भावनाबाट अभिप्रेरित भई नेपालका अन्धा अपाङ्गहरूलाई सहयोग गर्ने हेतुले दसवर्षीय योजना बनाई जिल्ला जिल्लामा सहयोग गरी आउनुभएको चर्चा गर्नुभयो । नेपालमा यसपालि ३०० जना अन्धा अपाङ्गलाई उहाँले मानवीय सहयोग गर्नुभएको थियो ।

# जिल्ला बक्सिङ सङ्घको सातौँ अधिवेशन तथा पुनःगठन

भक्तपुर, २३ चैत । भक्तपुर जिल्ला बक्सिङ सङ्घको सातौँ अधिवेशन तथा पुनःगठन कार्यक्रम र नयाँ वर्ष २०८३ तथा बिस्का जात्राको शुभकामना आदानप्रदान कार्यक्रम नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य, भक्तपुर नगरपालिकाका पूर्वनगर खेलकुद समितिका संयोजक तथा ७ नं वडाध्यक्ष उकेश कवांको प्रमुख आतिथ्यमा सोमबार सम्पन्न भयो ।



उहाँले नेपालमा खेलकुद संरचनागत प्रणालीमा सञ्चालन नहुँदा अगाडि बढ्न नसकेको उल्लेख गर्दै राजनीति ठीक ढङ्गले सञ्चालन भए खेलकुद पनि विकास हुने बताउनुभयो । उहाँले खेलकुदमा विकेन्द्रीकरणको सिद्धान्तअनुसार प्रदेश र स्थानीय तहमा पूर्वाधार निर्माण र अधिकार हस्तान्तरण गर्नुपर्ने बताउनुभयो ।

उहाँले जनताको एकता, दर्शन, विचार र सिद्धान्तबिना राजनीति मात्र होइन खेलकुद र देशको विकास नहुने बताउँदै खेलाडीहरू विभिन्न हण्डर र ठक्कर खाँदै अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले जसरी खेलमा अनुशासन र नियम सङ्गत खेल्नुपर्छ त्यसरी नै देश सञ्चालन गर्नुपर्ने बताउँदै खेलाडीहरूले सरकारले गरेको राम्रोलाई समर्थन, गलतलाई विरोध र कमिकमजोरीलाई आलोचना गरी सचेत पार्नुपर्ने बताउनुभयो ।

नेपाल बक्सिङ महासङ्घका प्रतिनिधि एवम् कोषाध्यक्ष गौतम सुजखुले जिल्ला सङ्घहरूमा सक्रिय सङ्घ बक्सिङ पनि भएको बताउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिले पनि खेलकुदको गतिविधि अगाडि बढ्न नसकेको कारण देशका शासक राजनीतिक दल दोषी रहेको बताउनुभयो ।

वाग्मती बक्सिङ सङ्घ तदर्थ समितिका संयोजक रामचन्द्र थापामगरले राष्ट्रिय खेलकुद परिषद्ले प्रशिक्षक व्यवस्थापन गर्न नसक्दा जिल्ला जिल्लामा बक्सिङ खेलाडीहरू खेलबाट वञ्चित भइरहेको बताउनुभयो ।

जिल्ला खेलकुद विकास समिति भक्तपुरका प्रतिनिधि अनन्त वैद्यले खेलकुदमा देखिएको हरेक समस्या समाधान गर्न सहकार्य गर्न तयार रहेको बताउनुभयो । भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा सल्लाहकार विनोदचरण राय र साजन लघुले पनि बोल्नुभएको थियो ।

सातौँ अधिवेसनबाट रामकृष्ण प्रजापतिको अध्यक्षतामा १३ सदस्यीय भक्तपुर जिल्ला बक्सिङ सङ्घ पुनःगठन गरियो । समितिमा वरिष्ठ उपाध्यक्ष सुरोज ग्वाछ्रा, उपाध्यक्ष राजन कुम्पाख, सचिव साजन लघु, कोषाध्यक्ष लक्ष्मीप्रसाद चवाल र सदस्यहरूमा गौतम सुजखु, केदार तुईतुई, गणेश सांगामी, राजाराम साख, निशा लोहला, शेखर कुटुवजु, तुल्सीराम ग्वाछ्रा र राजेश्वर मानन्धर रहनुभएको छ ।

# वैदेशिक रोजगारी ऐन संशोधनको प्रक्रिया सुरु

काठमाडौँ, २३ चैत । सरकारले वैदेशिक रोजगारी ऐन संशोधनको प्रक्रिया सुरु गरेको छ । वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारका क्षेत्रमा देखिएका समस्या समाधान तथा थप व्यवस्थापनका योजनासहित २०६४ को उक्त ऐन संशोधनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पेस गरेको महानिर्देशक मीरा आचार्यले जानकारी दिनुभयो ।

विभागीय मन्त्रालयले सरोकार पक्षसँग समन्वय गरी मन्त्रिपरिषद्मा ऐन पेस गर्ने तथा त्यहाँ थप छलफल गरेर अनुमोदन गरिने छ । वैदेशिक रोजगारीमा हुने ठगी न्यूनीकरण, ठगिएका पीडितलाई न्याय, छिटोछरितो पारदर्शी सेवा, तत्काल क्षतिपूर्ति तथा परामर्श सेवा, श्रमिकमैत्री कानुनी व्यवस्था ऐनमा गरिएको छ ।

श्रम, स्वीकृतिसम्बन्धी सेवा लिन कानुनी प्रक्रिया पूरा गरेमा एक दिनभित्र सेवा प्रवाह गर्ने प्रबन्ध मिलाएको विभागले इजाजतपत्र नलिई वैदेशिक रोजगारसम्बन्धी कुनै पनि काम गरेका कम्पनी तथा समूहलाई कारबाही गर्ने जनाएको छ । श्रम, स्वीकृतिसम्बन्धी सेवा लिन कानुनी प्रक्रिया पूरा गरेमा एक दिनभित्र सेवा प्रवाह गर्ने प्रबन्ध मिलाएको विभागले इजाजतपत्र नलिई वैदेशिक रोजगारसम्बन्धी कुनै पनि काम गरेका कम्पनी तथा समूहलाई कारबाही गर्ने जनाएको छ ।

यसैबीच विभागले चालु आर्थिक वर्षको फागुन २० गतेसम्म पीडित परिवारलाई तीन करोड ३८ लाख ७९ हजार क्षतिपूर्ति उपलब्ध गराएको उल्लेख गरेको छ । विभागमा दर्ता भएका ३०८ वटा अभियोग लागेका विभिन्न कम्पनीका पीडित तथा पीडकलाई मिलापत्र गराई वैदेशिक रोजगारीका क्षेत्रमा ठगिएका पीडित परिवारलाई पीडकबाट सो रकम उपलब्ध गराइएको विभागकी महानिर्देशक आचार्यले जानकारी दिनुभयो । चालु आवको हालसम्म तीन हजार ६७२ उजुरी तथा जाहेरी प्राप्त भएको छ ।

उहाँले वैदेशिक रोजगारीका क्षेत्रमा ठगी न्यूनीकरण गर्न प्रतिवादीको नाम, ठेगाना र विगो रकम सार्वजनिक गर्न सुरू गरिएको बताउनुभयो । विभागले यस क्षेत्रमा ठगी गर्ने कम्पनी तथा प्रतिवादी विवरण सार्वजनिक गर्ने उद्देश्यले मयाभानयखालउ वेवसाइट सञ्चालनमा ल्याएको जनाएको छ । विभागले यस क्षेत्रमा ठगी गर्ने कम्पनी तथा प्रतिवादीका दर्ता भएका मुद्दाको विवरण पनि सार्वजनिक गर्न थालेको छ । रासस

# चोरीका सामान र नगदसहित चार जना पक्राउ

काठमाडौँ, २३ चैत । प्रहरीले चोरीका सामान तथा नगदसहित चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बर्दिया, गुलरिया नगरपालिका-५ ज्योतिनगरका २१ वर्षीय समीर विक, सोही ठाउँका २३ वर्षीय सुवास विक, नुवाकोट, बेलकोटगढी नगरपालिका-७ का २८ वर्षीय रमेश सदाशङ्कर तथा बर्दिया, बाँसगढी नगरपालिका-७ का २३ वर्षीय सन्देश श्रीपाली रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “आइतबार दिउँसो करिब १:३० बजेको समयमा कीर्तिपुर नगरपालिका-९ स्थित एक घरमा पार्किङ गरिराखेको बा २९प २४२ नम्बरको मोटरसाइकलबाट पेट्रोल चोरी गरिरहेको अवस्थामा प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरी टोलीले निजहरूलाई पक्राउ गरेको हो ।”

पक्राउ परेकाहरूका साथबाट प्रहरीले नगद रु. ५६ हजार, तामाको धातुबाट बनेको जस्तो देखिने मूर्ति ४० थान, चुरोट १५ बन्डल (१ बन्डलमा १० प्याकेट), एनोरेड मोबाइल छ थान, किप्याड मोबाइल चार थान, सुनको जस्तो देखिने कानको झुम्का एक जोर, सुनको जस्तो देखिने रातो पोतेसहितको नेकलेश, शिरबन्दी दुई थान, चाँदीको जस्तो देखिने पाउजु एक जोर, प्रदेश ३ -०२-००७ प ९३८६ नंको र बा २५ प ६८७० नम्बरको मोटरसाइकल तथा हेलमेट १० थान बरामद गरेको प्रहरीले जनाएको छ । पक्राउ परेका माथि थप अनुसन्धान सुरु भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो । रासस

# फर्किएनन् तीन सन्तान, मृत्यु दर्ताको प्रमाणपत्र माग्दै परिवार

**- रमेश गिरी/रासस**

भक्तपुर, २३ चैत । यहाँको सूर्यविनायक नगरपालिका-४ हर्षचोकस्थित ओम सृजनशील समाज बस्तीका ६६ वर्षीय कृष्णबहादुर श्रेष्ठ सेतो कपडामा कोरा बारेर आफ्ना तीन छोराछोरीको किरियामा बस्नुभएको आज आठौँ दिन बितेको छ ।

कृष्णबहादुर र उहाँकी श्रीमती सरिता श्रेष्ठ अझै शोकबाट तङ्ग्रिनुभएको छैन । गत असोज १८ गते लाङटाङ घुम्न जाँदा बेपत्ता भएका छोरीहरू २६ वर्षीया सनिता, २४ वर्षीया संस्कृति र २० वर्षीय छोरा ‘किसन’ भन्ने चितलालको ६ महिनापछि यही चैत १६ गते कुशको शव बनाएर अन्त्येष्टी गरेसँगै बुबा कृष्णबहादुर किरियामा बस्नुभएको हो ।

रोट्रयाक क्लबको नेतृत्वमा गत असोज १६ गते दसैँको टीका लगाएर १७ गते बिहान पाँचदिने यात्रामा घुम्न हिँडेका छोराछोरी नफर्किएपछिको पीडा भनिसाध्य छैन । १६ जनाको टोली लाङटाङ निस्किएका उनीहरू १८ गते दिउँसो करिब ५ बजे बेरिङ खोल्सा तर्ने क्रममा आएको पहिरोसँगैको लेदो पानीले बगाएर गहिरो खोँचमा बेपत्ता भएका थिए ।

घटनास्थल आसपासमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीसहितको सुरक्षा टोलीले कैयौँ दिन लगाएर खोज्दा पनि शव नभेटिएपछि रसुवाका प्रमुख जिल्ला अधिकारीले घटना विवरणसहित पठाएको पत्रका आधारमा उनीहरू जीवित नरहेको ठहर गर्दै परिवारले कुशको शव बनाएर दाहसंस्कार गरेका हुन् ।

उनीहरूसँगै बेपत्ता भएका भक्तपुर नगरपालिका-१० घर भइ काठमाडौँ बस्ने २३ वर्षीय रवि श्रेष्ठसमेत अहिलेसम्म भेटिएका छैनन् । प्रत्यक्षदर्शीका अनुसार यात्राका क्रममा खोल्सा तर्ने क्रममा अचानक माथिबाट आएको पहिरोसँगैको लेदोमा पहिलोपटक सनिता बगिन् र उनलाई बचाउन गएकी बहिनी संस्कृति पनि बगिन्, फेरि उनलाई बचाउन जाँदा भाइ कृष्ण समेतलाई बगायो । उनीहरूलाई बचाउन भनेर गएका साथी रविलाई समेत बगाएपछि चारै जना बेपत्ता भएका थिए ।

किरियामा बस्नुभएका बुबा कृष्णबहादुर भन्नुहुन्छ, “एकै पटक तीन सन्तान गुमाउनुको पीडा त छँदै छ तर, राज्यले दिने मृत्यु दर्ताको प्रमाणपत्रसमेत परिवारले नपाउँदा भने पीडामाथि पीडा थपिएको छ, सरकार हामीलाई तीन सन्तानको मृत्यु प्रमाणपत्र दिलाइ देऊ ।”

उनीहरूको मृत्यु प्रमाणपत्र नपाउँदा बिमादेखि बैङ्क खातामा रहेको रकम बाबुआमाको खातामा सार्न पाएका छैनन् । उहाँ भन्नहुन्छ, “मृत्यु प्रमाणपत्र लिन वडा, नगरपालिका, भक्तपुर जिल्ला अदालतदेखि गृहमन्त्रालयसम्म धायौँ, तर अझै पाएनौँ, सन्तानको सद्गत गरिसक्यौँ, बेपत्ता भएको र बेपत्ता जीवित नहुने अवस्था सबैलाई थाहा छ, यो लुकेको घटना त होइन नि, त्यसैले कानुनको कुन धारा प्रयोग गरेर हुन्छ सरकार तीन सन्तानको मृत्यु प्रमाणपत्र दिलाई देऊ ।”

वडा कार्यालयले बेपत्ता भएको १२ वर्ष नभई मृत्यु प्रमाणपत्र दिन र सिफारिस गर्न नमिल्ने भनेर पन्छाइ दिएको, नगरपालिकाले पनि त्यही जवाफ दिएको बताउँदै काका केशव श्रेष्ठले जिल्ला अदालतमा समेत रसुवाको सबै पत्र र विवरण बुझाउँदा पनि मृत्यु दर्ताको प्रमाण पत्र नपाएको बताउनुहुन्छ ।

## सङ्क्षिप्त समाचार

# यस वर्ष देशको २३ स्थानमा बर्डफ्लु

काठमाडौँ, २३ चैत । यस वर्ष चैतमा मात्र २३ स्थानमा बर्डफ्लु रोग देखिएको छ । पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालले चैतमा मात्र २३ ठाउँमा बर्डफ्लु रोग देखिएको बताउनुभयो । यसअघि चैत अगाडि यस वर्ष बर्डफ्लु देखिएको थिएन ।

यस वर्ष पहिलोपटक चैत ६ गते मोरङ जिल्लाको सुन्दरहरैचा र उर्लाबारी नगरपालिकामा एकै साथ दुई स्थानमा बर्डफ्लु देखिएको थियो । उहाँका अनुसार सुनसरीमा १२ स्थान, मोरङमा सात स्थान, झापा दुई ठाउँ, चितवनमा एक ठाउँ र काठमाडौँमा एक स्थानमा बर्डफ्लु रोग देखिएको छ । उहाँले बर्डफ्लु देखिएको स्थानलाई नियन्त्रणमा लिई फैलिन नदेखिएको बताउनुभयो ।

उहाँका अनुसार ती स्थानमा एक लाख चार हजार कुखुरा एवं हाँस नष्ट गरिएको छ । काठमाडौँको त्रिभुवन विश्वविद्यालय परिसरका कागमा बर्डफ्लु देखिएको थियो । सुनसरी, झापा र मोरङमा बर्डफ्लुको सङ्क्रमण फैलिएपछि ती जिल्लामा पशुपक्षी ओसारपसारमा प्रतिबन्ध लगाइएको महानिर्देशक डा. दाहालले बताउनुभयो । उहाँले भन्नुभयो, "बर्डफ्लु देखिएको स्थानमा हामीले बर्डफ्लु क्षेत्र घोषणा गरेर आकस्मिक रोग अन्वेषण टोलीले ती पशुपक्षीलाई नष्ट गर्ने काम गरेको छ । हामीले बर्डफ्लु रोग नियन्त्रणमा गरेको कामबाट धेरै नमुनामा बर्डफ्लुको सङ्क्रमण देखिएको छैन ।" सरकारले बर्डफ्लु देखिएपछि हाँस, कुखुरा नष्ट गर्ने गर्दछ र सो बापत ७५ प्रतिशत क्षतिपूर्ति किसानलाई उपलब्ध गराउँदै आएको छ । *रासस*

# तीन ठुला मार्ट कारबाहीको दायरामा

काठमाडौँ, २३ चैत । बजारलाई स्वच्छ बनाउन नियमित अनुगमन तथा निरीक्षण गर्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चार ठुला मार्टलाई कारबाहीको दायरामा ल्याएको छ ।

आज स्थलगत अनुमगनका क्रममा कैफियत देखिएपछि विभागले ती चार वटा मार्टलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र उपस्थित हुन निर्देशन दिएको छ । विभागले मेट्रो मार्केट प्रालि इमाडोल, सेलवेज क्यास एण्ड क्यारी प्रालि महाराजगञ्ज, मेगा मार्ट प्रालि विशालनगर र भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रालि चक्रपथलाई तीन दिनभित्र कागजातसहित उपस्थित हुन निर्देशन दिएको हो ।

त्यसैगरी मुना कृषि लिमिटेडलाई पनि उस्तै किसिमको निर्देशन दिएको विभागले जनाएको छ । थप १० वटा अन्य फर्मलाई भने सुधारात्मक निर्देशन दिइएको छ । स्थानीय सरोकारवाला उपभोक्ता अधिकारकर्मीको उपस्थितिमा विभागले कालाबजारी नियन्त्रण, अखाद्य वस्तुको बिक्री वितरणमा रोक लगाउने उद्देश्यका साथ अनुमगन गर्दै आएको छ । *रासस*

# ध्वनि प्रदूषण गर्ने १९ मोटरसाइकल नियन्त्रणमा

भैरहवा (रुपन्देही), २३ चैत । रुपन्देहीमा ध्वनि प्रदूषण तथा सडक असुरक्षा न्यूनीकरण गर्न प्रहरीले 'अपरेसन साइलेन्ट स्ट्रिट्स' सञ्चालन गरेको छ । सो अपरेसनअन्तर्गत स्वरुप परिवर्तन गरिएका १९ मोटरसाइकल नियन्त्रणमा लिइएको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार आइतबार राति करिब १० बजेदेखि सञ्चालन गरिएको विशेष अभियानमा ठूलो आवाज निकाल्ने, जोखिमपूर्ण तवरले सवारी चलाउने तथा सार्वजनिक शान्ति भङ्ग गर्ने ती मोटरसाइकल नियन्त्रणमा लिइएको हो । प्रहरीका विभिन्न युनिटबाट खटिएको टोलीले रुपन्देहीका विभिन्न स्थानमा जाँच गरी ती सवारी साधन नियन्त्रणमा लिइएको जनाएको छ ।

"सार्वजनिक सडकलाई सुरक्षित, व्यवस्थित र शान्त बनाउन यस्तो अभियानलाई निरन्तरता दिइनेछ", सूचना अधिकारी चन्दले भन्नुभयो, "नियन्त्रणमा लिइएका सवारी चालकमाथि सवारी तथा यातायात व्यवस्था ऐनअनुसार आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको छ ।" रासस



**हिमपातमा याकचौरी**

आइतबार साँझदेखि परेको भारी हिमपातले मनाङको माथिल्लो भेगका याकचौरी हिमपातको चपेटामा परेका छन् । यतिखेर लेकका खर्कमा पुग्नुपर्ने भए पनि हिमपातका कारण गाउँछेउमै राखिएको छ । निरन्तर परेको हिमपातले मनाङ ङिस्याङ गाउँपालिकाका सबै क्षेत्रमा रहेका चौरीगोठ हिउँले भरिएका छन् ।

*तस्बिर : नवीन लामिछाने/रासस*

# अभिभावकबाट शुल्क उठाएर शिक्षकलाई तलब

भजनी (कैलाली), २३ चैत । जानकी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयले विद्यालय सेवा शुल्कका नाममा शिक्षकको तलबभत्ताका लागि विद्यार्थीबाट शुल्क उठाउने गरेको पाइएको छ । बालविकासदेखि नै नयाँ विद्यार्थी भर्नाका लागि आउँदा कतिपय विद्यालयले शुल्क उठाउने गरेको पाइएको हो । गाउँपालिकाभित्रका अधिकांश विद्यालयले कक्षा ६ देखि भने अभिभावक सेवा शुल्क भन्दै मासिक शुल्क उठाउने गरेका छन् । कक्षा ९ भन्दा माथिल्लो कक्षा सञ्चालन भएका सबै विद्यालयले शुल्क उठाइरहेका छन् ।

जानकी -९ मा रहेको हिमालय माध्यमिक विद्यालयले बालविकासमा नयाँ विद्यार्थी भर्ना हुँदा होस् वा अन्य कक्षामा भर्ना हुँदा पहिलोपटक शुल्क उठाउने गरेको प्रधानाध्यापक खगेन्द्रराज ओझाले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "पहिलोपटक भर्ना हुँदा शुल्क लाग्छ । बाँकी कक्षा ६ बाट मासिक शुल्क विद्यालयले उठाउँदै आएको छ । गाउँपालिकाले दिएको अनुदानले शिक्षक व्यवस्थापन गर्न नसकेपछि थप स्रोत जुटाउन त्यसो गर्नुपरेको हो ।"

नेपालको संविधानमा 'कक्षा ८ सम्म नि:शुल्क तथा अनिवार्य शिक्षा' को व्यवस्था संविधानको धारा ३१ शिक्षासम्बन्धी हकमा उल्लेख गरिएको छ । उक्त व्यवस्थाअनुसार कक्षा ८ सम्म विद्यार्थीबाट कुनै पनि शुल्क लिन पाइँदैन । विद्यालयले गाउँपालिकाको सहयोगमा व्यवस्थापन गरिएका शिक्षकलाई तलबभत्ता उपलब्ध गराउन विद्यालय सेवा शुल्क भनेर विद्यार्थीबाट शुल्क लिने गरेको शिक्षकहरू बताउँछन् ।

कतिपय माध्यमिक तहसम्मको अध्यापन हुँदै आएको विद्यालयले भने कक्षा ९ र १० का विद्यार्थीबाट मात्र शुल्क उठाउने गरेका छन् भने आधारभूत तहको ६ देखि ८ कक्षासम्म अध्यापन गराउँदै आएका विद्यालयले विद्यालय सेवा शुल्कका नाममा शुल्क उठाइरहेका छन् । गाउँपालिकाका अध्यक्ष गणेश चौधरीले विद्यालयले विद्यार्थीबाट शुल्क उठाउने कुरा थाहा नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकालाई विद्यालयले विद्यार्थीबाट पैसा उठाउने विषय जानकारीमा छैन । कसैबाट गुनासो पनि आएको छैन, गुनासो आएपछि हामी त्यसलाई नियमन गर्छौं ।"

गाउँपालिकामा ३३ वटा सामुदायिक विद्यालय छन् । त्यसमा ४७ जना शिक्षक गाउँपालिकाको सीमित स्रोतमा व्यवस्थापन गरिएका छन् । जसमा प्रावि तहमा १७, निमाविमा २५ र मावि तहमा चार जना शिक्षक कार्यरत हुनुहुन्छ । गाउँपालिकाले प्रावि तहका शिक्षकलाई रु. नौ हजार, निमाविलाई रु. ११ हजार र माविलाई रु. १३ हजार मासिक रकम उपलब्ध गराउँदै आएको छ । "हामीले गाउँपालिका अनुदान भनेर शिक्षक व्यवस्थापन गरेका छैनौँ । सहयोग भनेर शिक्षक सङ्ख्याका आधारमा विद्यालयलाई भुक्तानी दिने गरेका छौँ ।" गाउँपालिकाका शिक्षा शाखा प्रमुख धर्मानन्द कपाडीले भन्नुभयो, "विद्यालयले विद्यार्थीबाट शुल्क उठाउने कुरा मौखिक सुन्नमा आए पनि आधिकारिक जानकारीमा छैन ।"

कतिपय विद्यालयले गाउँपालिकाले उपलब्ध गराउने रकमबाट मात्र पनि शिक्षक व्यवस्थापन गरेको पाइएको छ । वडा नं १ स्थित कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक कमानसिंह धामीले विद्यार्थीबट कुनै शुल्क विद्यालयले नलिएको उल्लेख गर्दै विद्यालयमा कार्यरत दुई जना प्रावि शिक्षकले मासिक रु. नौ हजार तलबभत्तामा काम गरिरहेको जानकारी दिनुभयो । शिक्षा शाखा प्रमुख कपाडीले गाउँपालिकाले विद्यार्थी सङ्ख्याका आधारमा यसअघि विद्यालय समायोजन र शिक्षक दरबन्दी हेरफेर गर्दा अदालतले रोक लगाएको उल्लेख गर्दै कैयौँ विद्यालयमा विद्यार्थीभन्दा शिक्षक बढी भएको जानकारी दिनुभयो । *रासस*

# हुलाकका कुरियर 'एक्सप्रेस वे' मार्फत, सार्वजनिक बिदाको दिन पनि सेवा

काठमाडौँ, २३ चैत । हुलाकमार्फत विदेश पठाइने र विदेशबाट आयात भएका मालवस्तु जाँचपासका लागि 'एक्सप्रेस वे' प्रयोग गरिने भएको छ ।

हुलाक सेवा विभाग, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, नागरिक उड्डयन प्राधिकरणलगायतका निकायको समन्वयमा हुलाकबाट हुने कुरियरका लागि 'एक्सप्रेस वे' प्रयोग गर्ने व्यवस्था मिलाइएको हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले राससलाई जानकारी दिनुभयो ।

"हुलाक वस्तु द्रुतमार्गबाट जाँदा बढी सुरक्षित र भरपर्दो हुन्छ । हामीले यसका लागि लामो समयदेखि प्रयास गरिरहेका थियौँ । पछिल्लो समय मन्त्रालयबाट पनि चासो र निर्देशन आएपछि यो कार्यान्वयन प्रक्रिया अघि बढेको हो," उहाँले भन्नुभयो । महानिर्देशक पङ्गेनीका अनुसार अब हुलाक कुरियरका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'डेडिकेटेड' जाँचपास प्रणाली बनाइनेछ ।




त्यस्तै, सार्वजनिक बिदाको दिन पनि हुलाक कार्यालयमार्फत विदेशमा सामान पठाउने र विदेशबाट आयात भएको सामान छुटाउन सकिने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । गोश्वारा हुलाक कार्यालय डिल्लीबजारले यसअघि समेत सार्वजनिक बिदाको दिन सेवा दिँदै आएको भए पनि त्यहाँस्थित भन्सार कार्यालय र बैङ्क नखुल्दा भन्सार जाँचपासमा समस्या हुने गरेको थियो ।

अन्तरनिकाय समन्वय अभावमा सेवा प्रभावित भइरहेकोबारे गुनासो आउन थालेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समेत चासो देखाएको थियो । सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागसँग समन्वय गरेर सार्वजनिक बिदाको दिन पनि सजिलै सेवा दिन सकिने व्यवस्था मिलाउन प्रक्रिया थालेको हो ।

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले सार्वजनिक बिदामा पनि हुलाक वस्तु जाँचपासका लागि कार्यालयलाई निर्देशन दिइसकेको बताउनुभयो । सञ्चार मन्त्रालयको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागलाई पत्राचार गर्दै सार्वजनिक बिदाको दिन पनि गोश्वारा हुलाक कार्यालयस्थित भन्सारमार्फत सेवा प्रवाहका लागि आग्रह गरेको थियो । सोहीअनुसार भन्सार विभागले निर्देशन दिइसकेको महानिर्देशक भण्डारीले बताउनुभयो ।

पछिल्लो समय हुलाकमार्फत कुरियर गर्नेक्रम बढ्दो छ । नेपालबाट विदेश पठाइने र विदेशबाट नेपाल आउने वस्तुलाई चाँडो, सुरक्षित र भरपर्दो बनाउन विभागले निरन्तर सुधारका काम गरिरहेको महानिर्देशक पङ्गेनीको भनाइ छ । गोश्वारा हुलाक कार्यालय डिल्लीबजारबाट गत फागुन महिनामा मात्र १९ हजार २०० भन्दा बढी पुलिन्दा, पार्सल, साना प्याकेट, साधारण चिट्ठी, रजिस्ट्री चिट्ठी, बुक पोस्टलगायत वस्तु विदेशबाट आएका थिए । त्यस्तै निर्यात भएका यस्ता वस्तुको सङ्ख्या ११ हजार ७०० हाराहारी छ । जसबाट रु. २९ लाख चार हजार हाराहारी भन्सार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।

हुलाकबाट हुने कुरियर सेवाका लागि द्रुतमार्ग सञ्चालन गर्ने तथा सार्वजनिक बिदाको दिन कार्यालय सञ्चालन गर्दा नागरिकले सहज सेवा पाउनेमात्र नभई कार्यालयको व्यवसाय र नतिजा प्राप्ति दुवैमा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ । *रासस*

# अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी चैत २७ देखि

चितवन, २३ चैत । दसौँ अन्तर्राष्ट्रिय प्रदर्शनी यही चैत २७ गतेदेखि सुरु हुने भएको छ । चितवन उद्योग सङ्घको आयोजनामा हुन लागेको प्रदर्शनी २९ गतेसम्म सञ्चालन हुने छ । सङ्घले सोमबार यहाँ पत्रकार सम्मेलनको आयोजना गरी प्रदर्शनीका बारेमा जानकारी गराएको छ । नेपालका उद्योगहरूको प्रवर्द्धनका लागि आयोजना गर्न लागिएको प्रदर्शनीले आयातलाई प्रतिस्थापन गर्दै निर्यातलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने सङ्घका अध्यक्ष मदन घिमिरेले जानकारी दिनुभयो ।

प्रदर्शनीमा उत्पादन तथा सेवामूलक उद्योगको लागि उपयोगी हुने मेसिन तथा प्रविधिको प्रदर्शनी गरिने छ । हस्तकला, गार्मेन्ट, निर्माणजन्य सामग्रीहरू, प्लास्टिक, प्रिन्टिङ, प्याकेजिङ, कृषि, ऊर्जालगायतका उत्पादनलाई सहयोग पुग्ने सामग्रीको प्रदर्शनी गरिने छ ।

प्रदर्शनीमा सातवटै प्रदेशका स्टलहरू रहने छन् । राष्ट्रिय आविस्कार केन्द्रको प्रविधि तथा मेसिनरीको स्टल र मेक इन नेपाल स्वदेशी अभियानमा आबद्ध उद्योगसमेत स्टलमा रहने उहाँले जानकारी दिनुभयो । एक सय वटा स्टल रहने प्रदर्शनीमा २५ हजारभन्दा बढी उद्योगी, व्यवसायीको सहभागिता रहने अपेक्षा आयोजकले गरेको छ । अहिले नेपालमा उत्पादित सामग्री भारत, इथोपिया, श्रीलङ्काजस्ता देशमा पुगेको भन्दै उत्पादित वस्तुको बजारीकरणमा समेत सहयोग पुग्ने उहाँले बताउनुभयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँचको लागि वातावरण तयार गर्नका लागि नेपालको वर्तमान औद्योगिक अवस्था र भावी गन्तव्य विषयमा प्रदर्शनीका क्रममा छलफल गरिने छ । युवाहरूलाई उद्योमशीलतातर्फ प्रेरित गर्न, रोजगारी वृद्धि र स्थानीय स्रोतसाधनको अधिकतम उपयोगमार्फत स्वदेशी उद्योगको उन्नति एवं समृद्ध राष्ट्र निर्माणका लागि प्रदर्शनी सहयोगी बन्ने सो अवसरमा जानकारी दिइयो । *रासस*

। सम्पादकीय ।

## विदेशी सञ्चारलाई सरकारले सहयोग गर्न नहुने

निजी सञ्चार क्षेत्रलाई विज्ञापन छापेबापत दिँदै आएको सरकारी विज्ञापन नदिने निर्णयको सर्वत्र विरोध गरे पनि सरकारले सो निर्णय फिर्ता लिएको छैन । उक्त निर्णय कार्यान्वयनमा आए देशका धेरै पत्रिकाहरू बन्द हुनेमा शङ्का छैन । धेरै श्रमजीवी पत्रकारहरू पेसाबाट वञ्चित हुनेछन् । सञ्चार क्षेत्रलाई दिँदै आएको सरकारी विज्ञापनमा कहीँ कतैबाट दुरूपयोग, चुहावत या अनियमितता भइरहेको छ भने त्यो नियन्त्रण गर्नुपर्छ; नियन्त्रण गर्न सरकारले पाइला चाल्नुपर्छ । विज्ञापनमा कुनै एजेन्सीले नक्कली काम गरेको छ भनेर देशका सबै निजी क्षेत्रलाई उहीँ आँखाले हेर्नु मनसिब हुँदैन । अनियमितता नियन्त्रण गर्ने नाउँमा देश र जनताको सेवा गर्ने, जनतालाई सचेत पार्ने, सरकारलाई खबरदारी गरेर सुधार्न प्रकाशित भइरहेको पत्रिकालाई सरकारी विज्ञापनमा रोक लगाउने निर्णय बुद्धिमानी होइन । यसकारण, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार सचिवस्तरीय निर्णय गर्दै सङ्घ, प्रदेश र स्थानीय तहका सबै निकायलाई सबै प्रकारका विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यमलाई दिने परिपत्र फिर्ता लिनुपर्छ या सो निर्णय फिर्ता लिनुपर्छ ।

विज्ञापन एजेन्सी र कर्मचारी मिलेर विज्ञापन रकमको ठुलो हिस्सा आफै राख्ने या मिलेमतोमा नक्कली बिल बनाएर राज्यकोषलाई अरबौँको क्षति पुऱ्याएको साँचो हो भने त्यो नियन्त्रण गर्नुपर्छ । त्यसलाई नियन्त्रण गर्नुको सट्टा सबै सञ्चार क्षेत्रलाई मर्का पर्ने गरी विज्ञापन नदिने सरकारी निर्णय उचित होइन । राज्यकोषको रकम निश्चित पत्रिकालाई मात्र वितरण गर्नु न्यायसङ्गत देखिँदैन । निजी सञ्चार क्षेत्रले पनि सरकारको निर्णय, सरकारी क्रियाकलाप र सरकारले गर्नुपर्ने विभिन्न प्रचारात्मक कार्य गरिरहेको छ ।

विगतमा सरकारले उद्योग घाटा हुनुको कारण नखोजी सरकारी उद्योग तथा सङ्घ संस्थाहरू कति बन्द गऱ्यो भने कति विदेशी कम्पनीहरूको हातमा दियो । उद्योग बन्द भएपछि देशमा आयात बढ्यो; स्वदेशी रकम बिदेसियो । यसले देशको अर्थतन्त्र कमजोर बनायो र देशलाई परनिर्भर बनायो । सञ्चार जगत्बाट राज्यले अरबौँ रकम कर उठाइरहेको छ; सञ्चार क्षेत्रले हजारौँलाई रोजगारीको अवसर दिइरहेको छ ।

स्वदेशमै रोजगारीको अवसर दिएर विदेस पलायन घटाउनुपर्ने समयमा देशमा बेरोजगारी सङ्ख्या बढाउने जाल सरकारले बुन्नु हुँदैन । विभिन्न रचनात्मक कार्यक्रम ल्याएर स्वदेशमै रोजीरोटीको व्यवस्था गर्ने काम सरकारले गर्नुपर्छ । सरकारले त व्यवसायिक क्षेत्र विस्तार गरेर, विस्तारको निम्ति आवश्यक सहयोग गरेर उत्साहित गर्नुपर्छ । सञ्चार क्षेत्रमा सरकारले गरिरहेको आर्थिक सहयोगको उद्देश्य र मर्म नै नबुझी सरकारी विज्ञापन हटाउने निर्णयलाई मान्न सकिँदैन । बरु, सरकारले विदेशबाट सञ्चालित सञ्चार क्षेत्र कहाँ कहाँ छन्; कुन कुन हुन् ? विदेशी कम्पनीको लगानीमा कुनै पत्रिका सञ्चालन भइरहेको छ भने त्यसको खोजीनिति गर्नुपर्छ; खोजीनीति गरेर पत्रपत्रिका प्रकाशन गर्न विदेशी कम्पनीको जरुरत छैन । विदेशी पत्रपत्रिका सञ्चालन गरेर विदेशी पुँजी खेलाउने; विदेशी चलखेल बढाउने कार्यमा सघाउने र विदेशी गतिविधि बढाउने काम रोक्नुपर्छ । विदेशी सञ्चार क्षेत्रलाई सरकारले सहयोग गर्नु हुँदैन; विदेशी कम्पनीलाई सञ्चार क्षेत्र सञ्चालन गर्न सरकारले सहमति जनाउनु हुँदैन । सरकारले स्वदेशमै चलेका सञ्चार क्षेत्रमा बाधा पार्ने काम रोक्नुपर्छ ।

सरकार गठन भएको महिना दिन बितेको छैन । सरकारले गरेको निर्णयबाट किसान, मजदुर, विद्यार्थी, युवा, महिलाहरू आन्दोलित हुन थालेका छन् । सहकारी पीडितहरूको रकम फिर्ता दिनेतर्फ सरकारको ध्यान पुगेको छैन । सञ्चारकर्मीहरू आन्दोलनमा आइसकेका छन् । सरकारी कार्यालय र शिक्षण संस्थानहरू बिहान ९ बजेदेखि चलाउन सम्भव होला कि नहोला ? त्यो निर्णय कार्यान्वयन होला कि नहोला ? त्यस निर्णयअनुसार कर्मचारीहरू समयमा पुग्छन् कि पुग्दैनन् ? लेखा पढी व्यवसायीहरू पनि आन्दोलित छन् । लेखपढी व्यवसायीलाई निषेध गरेपछि त्यो जिम्मेवारी कार्यालयका कर्मचारीहरूले सहज ढङ्गले गर्छन् कि गर्दैनन् ? कतै यो निर्णय कर्मचारीहरूलाई थप घुस्याहा बनाउने साबित हुँदैन ? के सरकारी बिदा भनेको इन्धन जोगाउन हो ? यसरी सरकारी निर्णय र कामबाट जनता अहिले नै असन्तुष्ट हुन थालेका छन् । यो शुभ सङ्केत होइन ।

# मार्क्सवादले अझै संसार बदल्न सक्छ

✍ डेभिड हार्भे

विश्वव्यापी वित्तीय सङ्कट चरम उत्कर्षमा पुगेको बेला, सन् २००८ को नोभेम्बरमा महारानी एलिजावेथले 'लन्डन स्कूल अफ इकोनोमिक्स' को भ्रमण गरिन् । त्यस भ्रमणको क्रममा उनले त्यहाँ भेला भएका अर्थशास्त्रीहरूलाई एउटा प्रश्न सोधिन्, "यो वित्तीय सङ्कट आउँदै छ भन्ने कुरा तपाईंहरूले किन पहिल्यै देख्नुभएन ?"

तत्काल कुनै ठोस उत्तर नभएपछि अर्थशास्त्रीहरूले सरसल्लाह गरे र गोष्ठीहरू चलाए । ६ महिनापछि उनीहरूले महारानीलाई एउटा सामूहिक पत्र पठाउँदै आफ्नो असफलताको जडमा 'अहङ्कार' र 'प्रणालीगत जोखिमहरू' (Systemic Risks) लाई सामना गर्न नसक्नु रहेको स्वीकारोक्ति दिए । प्रणालीगत जोखिमहरूलाई बेवास्ता गर्नु विशेषगरी गम्भीर त्रुटि देखिन्छ । हामीमध्ये सायदै कसैले त्यस्तो विमानमा चढ्ने आँट गर्छौं होला, जसको प्रणालीगत जोखिमहरूको पहिल्यै जाँच गरिएको हुँदैन ।

मेरो नयाँ पुस्तक, 'द स्टोरी अफ क्यापिटल' (The Story of Capital), पुँजीको उत्पादन पद्धतिभित्र रहेका आन्तरिक विचलन र प्रणालीगत जोखिमहरूको चिरफार गर्ने प्रयास हो । तर, यसले पुँजीको राजनीतिक अर्थतन्त्रमाथि मार्क्सले गरेका कामहरूबाट साभार गरिएका विशेष सैद्धान्तिक औजारहरूको सहायता लिन्छ ।

मार्क्सले गरेको एउटा निकै चर्चित घोषणा छ- हाम्रो उद्देश्य संसारलाई बुझ्नु मात्र नभई यसलाई बदल्नु हुनुपर्छ । यद्यपि, उनले जुन कुरालाई बदल्न चाहन्थे, त्यसलाई बुझ्नका लागि निकै ठुलो समय र प्रयास खर्च गरे । वास्तवमा, उनको अभ्यासले पुँजीलाई बदल्नका लागि पहिले यसलाई बुझ्नु अपरिहार्य छ भन्ने कुरामा उनी दृढ विश्वास गर्थे भन्ने सङ्केत गर्छ ।


"पुँजीको अवधारणाको सटिक विकास अपरिहार्य छ," उनले 'ग्रुन्डरिसे' (Grundrisse) मा लेखेका छन्, "किनकि यो आधुनिक अर्थतन्त्रको आधारभूत अवधारणा हो, जसरी पुँजी स्वयं... बुर्जुवा समाजको जग हो । 'पुँजीगत' सम्बन्धका पूर्वमान्यताहरूको स्पष्ट सूत्रबद्धताले बुर्जुवा उत्पादनका सबै अन्तर्विरोधहरूलाई उजागर गर्नुपर्दछ । साथै ती सीमाहरूलाई पनि देखाउनुपर्दछ जहाँ पुँजीले आफ्नै अस्तित्वभन्दा बाहिर जाने बाटो तय गर्छ ।"

यहाँ मार्क्सले प्रयोग गरेको 'अन्तर्विरोध' (Contradiction) शब्दमा ध्यान दिनुहोस् । उनको मान्यतामा 'पुँजीभित्र अन्तर्विरोधहरू लुकेका हुन्छन्' र "हाम्रो उद्देश्य ती अन्तर्विरोधहरूलाई पूर्ण रूपमा विकसित (उजागर) गर्नु हो ।" 'अन्तर्विरोध' यस्तो शब्द होइन जुन नव-शास्त्रीय (Neoclassical), रिकार्डियन वा किनेसियन अर्थशास्त्रका सिद्धान्तहरूमा भेटियोस् । तर, मार्क्सको पुँजीसम्बन्धी बुझाइका लागि यो एक जग हो । आखिर यो किन यति महत्त्वपूर्ण छ त ?

कुनै पनि धारको बुर्जुवा राजनीतिक अर्थशास्त्र 'सूक्ष्म अर्थशास्त्र' (Microeconomic) फर्मको सिद्धान्त) र 'समष्टि अर्थशास्त्र' (Macroeconomics) राष्ट्रिय र विश्वव्यापी अर्थतन्त्रको सिद्धान्त) मा विभाजित छ । धेरै प्रयासका बाबजुद सूक्ष्म सिद्धान्तबाट समष्टि सिद्धान्त निकाल्न वा यसको उल्टो गर्न असम्भव साबित भएको छ ।

तर, मार्क्सका लागि भने यो विभाजन वा अन्तर्विरोध बुझाइको मार्गमा अवरोध नभएर सिद्धान्त निर्माणको आधार हो । प्रतिस्पर्धाको बाध्यकारी नियमहरूबाट निर्देशित व्यक्तिगत पुँजीपतिहरूले यस्ता प्रविधिहरू अपनाउँछन् जसले उनीहरूले प्रयोग गर्ने श्रमको उत्पादकत्व बढाउँछ ।

तर, मार्क्सको सिद्धान्तमा, श्रम नै सबै मूल्यको स्रोत हो । बढ्दो श्रम उत्पादकत्वले आवश्यक श्रमिकहरूको सङ्ख्यालाई घटाउँदै लैजान्छ । फलस्वरूप, कम मूल्य (Value) पैदा



हुन्छ । अन्य कुराहरू समान रहेमा, यसको अन्तिम परिणाम 'नाफाको दरमा गिरावट' (Falling profitability) को सङ्कट हुन पुग्छ ।

यो सैद्धान्तिक अन्तर्दृष्टि 'समष्टि' र 'सूक्ष्म' आवश्यकताबिचको अन्तर्विरोधबाट उत्पन्न हुन्छ । अर्को शब्दमा भन्नुपर्दा, व्यक्तिगत पुँजीपतिहरू आफ्नो पुँजीमा प्रतिफलको दर अधिकतम बनाउन खोज्छन् तर तिनीहरूको यो प्रयासले समग्रमा यस्तो नतिजा निकाल्छ, जुन पुँजी सञ्चयका लागि झन्झन् प्रतिकूल बन्दै जान्छ ।

त्यसपछि एउटा गम्भीर प्रश्न उठ्छ : स्वतन्त्र बजार प्रतिस्पर्धाको बाध्यकारी नियमहरूद्वारा अनुशासित ती व्यक्तिगत पुँजीपतिहरूको 'तार्किक तर विनाशकारी' व्यवहारबाट पुँजीलाई कसले बचाउने ?

यी प्रश्नहरूको उत्तर खोज्नका लागि विभिन्न अनुसन्धानका विधाहरू ( जस्तै अर्थशास्त्र) र नीतिगत संस्थाहरू ( जस्तै 'इन्स्टिच्युट अफ इकोनोमिक अफेयर्स' र 'अन्तर्राष्ट्रिय मुद्रा कोष') खडा गरिएका छन् । समस्याहरूको समाधान हुन्छ, तर अन्तर्विरोधहरूको हुँदैन । अन्तर्विरोधहरू त तनावका त्यस्ता स्थायी बिन्दुहरू हुन्, जसलाई जुन प्रणालीभित्र ती निहित छन्, त्यहीँभित्र मात्र व्यवस्थापन गर्न सकिन्छ ।

अन्तर्विरोधहरू तब मात्र हराउँछन् जब समग्र प्रणाली नै समाप्त हुन्छ । उदाहरणका लागि, म मेरो व्यावसायिक जीवनका आवश्यकताहरू र मेरा व्यक्तिगत चाहना तथा जिम्मेवारीहरूबिचको अन्तर्विरोधलाई निरन्तर व्यवस्थापन गरिरहेको हुन्छु । धेरैजसो समय यो अन्तर्विरोध सुषुप्त र शान्त रहन्छ तर मेरो विश्वविद्यालयमा अधिनायकवादीहरूले कब्जा जमाए भने (जसरी हङ्गेरीको सेन्ट्रल युरोपियन युनिभर्सिटीमा भयो), तब यो अन्तर्विरोध मेरो व्यक्तिगत सङ्कटको केन्द्र बन्न पुग्छ ।

त्यसैले, एक राजनीतिक अर्थशास्त्रीका लागि मुख्य चुनौती भनेको पुँजीका प्राथमिक अन्तर्विरोधहरूलाई ( जस्तै पुँजी र श्रमबिचको विवादित सम्बन्ध) पहिचान गर्नु, तिनलाई परिभाषित गर्नु र यसका 'गतिका नियमहरू' (Laws of motion) को व्याख्या गर्नु हो ।

बजार विनिमय प्रणाली जति बढी व्यापक र व्यवस्थित हुँदै जान्छ, यसका सहभागीहरूले (फेरि 'ग्रुन्डरिसे' कै शब्दमा) पहिलेको 'व्यक्तिगत निर्भरता' को विपरीत 'वस्तुगत निर्भरताका सम्बन्धहरू' प्राप्त गर्छन् । मार्क्स लेख्छन् :

"व्यक्तिहरू अब 'अमूर्त धारणाहरू' (Abstractions) द्वारा शासित छन्, जबकि पहिले उनीहरू एकअर्कामा निर्भर हुन्थे । यद्यपि, यो अमूर्तता वा विचार ती भौतिक सम्बन्धहरूको सैद्धान्तिक अभिव्यक्तिबाहेक अरू केही होइन, जो आज उनीहरूका मालिक र प्रभु बनेर खडा छन् ।"

शासक वर्गका विचारहरू नै 'शासकीय विचार' बन्न पुग्छन् र ती प्रबल राजकीय शक्ति (केही समय अघिसम्म अमेरिका) सँग जोडिएका हुन्छन् । यी "सम्बन्धहरूलाई अवश्य पनि विचारमा मात्र व्यक्त गर्न सकिन्छ र यसरी दार्शनिकहरूले 'विचारको शासन' लाई नै आधुनिक युगको विशेषता मानेका छन् । उनीहरूले यो भ्रम पालेका छन् कि वैचारिक रूपमा यस शासनलाई ढाल्नु नै स्वतन्त्र व्यक्तिगत पहिचानको सिर्जना हो ।"

मार्क्सका अनुसार, वैचारिक दृष्टिकोणबाट यो गल्ती गर्नु स्वाभाविक थियो किनकि यो शासन... व्यक्तिहरूको चेतनामा 'विचारको शासन' को रूपमा प्रकट हुन्छ । यी विचारहरू (अर्थात् वस्तुगत निर्भरताका सम्बन्धहरू) स्थायी छन् भन्ने विश्वासलाई शासकवर्गले उपलब्ध सबै माध्यम प्रयोग गरेर सुदृढ, पोषित र मस्तिष्कमा प्रत्यारोपित गर्ने गर्दछ ।

यही त त्यो प्रक्रिया थियो, जसलाई १९८० को दशकमा हायक, मिल्टन फ्रिडम्यान, किथ जोसेफ, 'इन्स्टिच्युट अफ इकोनोमिक अफेयर्स' र मार्गरेट थ्याचरले यति कुशलतापूर्वक सङ्गठित गरे र 'नव-उदारवाद' (Neoliberalism) तर्फको मोडलाई सफल बनाए । थ्याचरले "यसको कुनै विकल्प छैन" (There is no alternative) भनी घोषणा गरिन् र धेरैले यस नारालाई अकाट्य सत्यका रूपमा स्वीकार गरे ।

यसरी, विचारहरू मानव इतिहासमा एक 'भौतिक शक्ति" (Material force) बन्न पुग्छन् । हामी यही वैचारिक क्षेत्रभित्र रहेर यी शासकीय विचारहरूबारे सचेत हुन्छौँ र वैचारिक सङ्घर्षमार्फत तिनको सामना गर्छौं । १९८० को दशकमा, नयाँ लगानी प्राप्त नव-उदारवादी 'थिङ्क-ट्याङ्क' हरू फस्टाए, केनेसियनहरू पाखा लगाइए, अर्बपतिहरूको गुटको उदय सुरु भयो, श्रमजीवीवर्गका संस्थाहरू असफल भए र मार्क्सलाई उपहास गर्दै अस्तित्वहीन बनाइयो ।

'द स्टोरी अफ क्यापिटल' (The Story of Capital) मेरा पुस्तकहरूको शृङ्खलाको पछिल्लो (र सायद अन्तिम) कडी हो, जसलाई म अहिले फर्केर हेर्दा 'द मार्क्स प्रोजेक्ट' भन्न रुचाउँछु । मैले 'फर्केर हेर्दा' किन भनेको हुँ भने, केही समय अघिसम्म यस्तो कुनै परियोजना बनिरहेको छ भन्नेबारे म आफैँलाई पनि थाहा थिएन ।

आखिर यो 'मार्क्स प्रोजेक्ट' केका बारेमा थियो त ? लामो समयदेखि यो स्पष्ट थियो कि मार्क्सलाई राम्ररी बुझिएको छैन, सक्रिय रूपमा आत्मसात गरिने कुरा त टाढै रहोस् । उनको कामलाई थप सुलभ र बुझ्न सजिलो बनाउन निकै मेहनतको आवश्यकता थियो । यो केवल बेवास्ता र दक्षिणपन्थीहरूको भ्रामक व्याख्यामा आधारित 'आम अनभिज्ञता' का कारण मात्र होइन, बरु जडसूत्रवादी वामपन्थीहरूका केही कट्टर प्रस्तुतिहरूका कारणले पनि हो ।

यसैबिच, 'प्राज्ञिक मार्क्सवाद' (Academic Marxism) ले भने मार्क्सको विचारलाई पहिलेभन्दा झन् जटिल बनाउनमै आफ्नो सम्पूर्ण शक्ति खर्च गरिरहेको देखिन्थ्यो । मैले पनि सन् १९८२ मा 'लिमिट्स टु क्यापिटल' (Limits to Capital) लेखेर यसमा केही हदसम्म योगदान दिएको थिएँ (त्यसबेला एक समीक्षकले यसलाई "भूगोलका लागि अर्को कोशेढुङ्गा तर स्नातक विद्यार्थीहरूको घाँटीको पासो" भनेर चित्रण गरेका थिए) ।

सन् १९७१ पछि मैले हरेक वर्ष कम्तीमा एकपटक मार्क्सको 'पुँजी' (Capital) को पहिलो खण्ड पढाउने अनुभव बटुलेको थिएँ । त्यस अनुभवलाई सही सदुपयोग गर्ने एउटा स्पष्ट ठाउँ मसँग थियो । १९७० को दशकका केही वर्षमा त मैले क्याम्पसभित्र र बाहिर गरी तीनपटक वा सोभन्दा बढी पनि पढाएको थिएँ (जब मैले विश्वविद्यालयमा यो पढाउँथेँ, सधैं आफ्नो तोकिएको कार्यभारभन्दा अतिरिक्त रूपमा पढाउँथेँ, ताकि कसैले पनि 'राजनीतिको पक्षमा प्राज्ञिक कर्तव्यलाई बेवास्ता गरेको' आरोप लगाउन नसकोस् !) ।

मेरो सम्पूर्ण प्रयास मार्क्सका तर्कहरूलाई तिनको गहिराइ नमारेरै सरल र स्पष्ट बनाउनुमा केन्द्रित रह्यो । मैले मार्क्सलाई बुझ्ने कुनै एउटा खास दृष्टिकोण कसैमाथि लाद्ने प्रयास गरिनँ, यद्यपि आफ्नै व्याख्यालाई आधार नबनाई पढाउनु त असम्भव नै हुन्छ (मेरो बुझाइ पनि धेरै सम्भावित व्याख्याहरूमध्ये एउटा मात्र हो) । म पाठकहरूका लागि मार्क्सको चिन्तनभित्र छिर्ने एउटा यस्तो 'ढोका' खोल्न चाहन्थेँ, जहाँबाट भित्र पसेर उनीहरू आफैँले आफ्नो बुझाइ निर्माण गर्न सकून् । मेरो भिडियो शृङ्खला र मार्क्सको 'क्यापिटल' तथा 'ग्रुन्डरिसे' का लिखित सहयोगी पुस्तकहरू (Written Companions) यही भावनाका साथ तयार गरिएका थिए ।

यसका साथै, आजको राजनीतिमा मार्क्सको चिन्तन कति सान्दर्भिक छ भनेर देखाउनुपर्ने तीव्र आवश्यकता पनि मैले महसुस गरेँ । यसले गर्दा हामीले मार्क्सबाट के सिक्न सक्छौँ भन्ने मात्र होइन, बरु उनले के कुराहरू अपूरा छोडे, केलाई स्वत:सिद्ध माने वा के कुरामा उनी चुके भन्ने कुरा पहिचान गर्ने दायित्व पनि ममाथि थपियो । उनको चिन्तनमा के पुराना भए र के अझै ताजा छन् भन्ने कुरा छुट्याउनु पनि उत्तिकै जरुरी थियो । मेरो मनमा खेलिरहेको प्रश्न थियो, "आज मार्क्स पढ्दा हामी के सिक्न

**बाँकी पृष्ठ ८ मा**

# नियामक निकायको मिलेमतोमै विदेशी डिग्रीको नाममा भइरहेको ठगी-२

✍ धनु विश्वकर्मा

शङ्कर कोइराला नेतृत्व अध्ययनको निचोड छ, "निर्देशिका कार्यान्वयनमा आए पनि सिफारिस, अनुमति, कार्यक्रमको गुणस्तर एवं अनुगमन कार्य व्यवस्थित गर्न विभिन्न समस्या रहेको देखिन्छ। माथि उल्लिखित क्षेत्रमा देखिएका विषयहरूलाई संशोधन गरी शिक्षण संस्थाहरूको कार्यक्रमलाई थप व्यवस्थित, पारदर्शी तथा उत्तरदायीपूर्ण रूपमा सञ्चालन गर्न यस प्रतिवेदनमा उल्लिखित सिफारिसहरूलाई समावेश गरी तत्कालका लागि प्रशासकीय कार्यविधि( नियमित गर्ने) ऐन, २०१३ अनुसार निर्देशिका जारी गर्न उपयुक्त देखिन्छ। दीर्घकालीन रूपमा विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालन गर्ने शिक्षण संस्थाहरूलाई कानुनी दायरामा ल्याउन आवश्यक देखिन्छ। नयाँ निर्देशिका जारी गरिएपछि उक्त निर्देशिकाअनुसार शिक्षण संस्थाहरूको कार्यक्रमहरू कार्यान्वयन गर्न गराउन सरोकारवाला निकाय तथा मन्त्रालयबिच आवश्यक सहकार्य र समन्वय हुनुपर्ने देखिन्छ।"

यो अध्ययन भएको चार महिना नबित्दै शिक्षामन्त्री परिवर्तनसँगै नयाँ अध्ययन भयो। २०८१ असोज ३१ गते विद्या भट्टराईले पदभार ग्रहण गरेको तीन महिनापछि अर्थात् असोज १९, २०८१ मा अर्को अध्ययन गर्न लगाइन्। शङ्कर कोइरालाको प्रतिवेदनको कार्यान्वयन नहुँदै अर्को अध्ययन गर्ने विज्ञ उपसमिति गठन भयो। २०८१ साउन २४ गतेका दिन त्रिभुवन विश्वविद्यालयका डीन विनिल अर्यालको संयोजकत्वमा पाँच सदस्यीय उपसमिति गठन भयो। समितिमा त्रिभुवन विश्वविद्यालयको सहप्रध्यापक सुमन खरेल, नेपाल ल कलेजका उपप्राध्यापक विष्णुमाया भुसाल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव कमलप्रसाद पोखरेल र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव परशुराम तिवारी सदस्य-सचिव थिए। तिवारी भने चार महिनाअघि र पछिको दुवै अध्ययन समितिमा सामेल थिए।

यस उपसमितिले पनि कानुन पालना नगरेको औँल्याएको छ। १० प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रावृत्ति नदिएको, नेपालको परिचय दिने सामाजिक शिक्षा विषयमा अध्ययन नभएको, हरेक वर्षको सुपरीवेक्षणको प्रतिवेदन मन्त्रालयलाई नबुझाएको, वार्षिक परीक्षाको समय तालिका नभएको, एकतिहाइ कलेजमा मापदण्ड पालना नगरी अध्ययन भइरहेको, १५ प्रतिशत कलेजले जग्गाको क्षेत्रफलसम्बन्धी मापदण्ड पूरा नगरेको, अधिकांश कलेजको आफ्नै जग्गाको स्वामित्व नभएको अध्ययन प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, केही कलेजका भवन, खेलमैदान, प्रयोगशाला, फर्निचर, पुस्तकालय, शौचालय, प्राथमिक उपचार बाकसजस्ता भौतिक पक्ष कमजोर देखिएको बताइएको छ। २५ प्रतिशत कलेजहरू दयनीय अवस्थामा रहेको रिपोर्टमा उल्लेख छ। उदाहरणका लागि १०० भन्दा कम विद्यार्थी सङ्ख्या हुने कलेज १० वटा छन् भने १०१ देखि २०० सम्म हुने विद्यार्थी सङ्ख्या रहेका कलेजको सङ्ख्या १४ रहेको उल्लेख छ। यी दुवै अध्ययन प्रतिवेदनमा कलेजहरूले मापदण्ड पालना नगरेको उल्लेख गरे पनि कुनै कारबाही अघि बढ्न सकेन। जसका कारण विदेशी डिग्रीका नाममा कलेजहरूले गरिरहेका बदमासी रोकिएन।

यसअघि २०७५ सालमा भएको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले पनि यी कलेजमा समस्या रहेको औँल्याएको थियो। विदेशी शैक्षिक कार्यक्रममा नेपालमा सञ्चालित विद्यालयहरू कसका लागि, कति सङ्ख्यामा र कुन भौगोलिक क्षेत्रमा सञ्चालन हुने भन्ने विषय स्पष्ट नभएको र नियमित अनुगमन हुन नसकेको अध्ययन प्रतिवेदनले निचोड निकालेको छ।

**१३ कलेज मात्रै १००० को र्‍याङ्किङमा**

विनिल अर्यालयको संयोजकत्वमा तयार अध्ययन प्रतिवेदनका अनुसार, हाल देशभर सञ्चालित ५९ कलेजले सञ्चालनका लागि अनुमति लिएका छन्। तर, सञ्चालनमा भने ५६ कलेज मात्रै छन्। यी कलेजहरूले २१२ वटा शैक्षिक कार्यक्रमहरू सञ्चालनका लागि स्वीकृति पाएका छन्, जसमा विभिन्न कलेजले व्यवस्थापनसँग सम्बन्धित ९६ वटा शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। आईटी (सूचना प्रविधि) सम्बन्धित ७० वटा कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। त्यस्तै, अन्य ५ वटा शैक्षिक कार्यक्रमहरू सञ्चालनमा छन्। ४० वटा शैक्षिक कार्यक्रममा विद्यार्थीहरू शून्य देखिन्छन्। अहिले १७२ वटा शैक्षिक कार्यक्रमहरूमा २८ हजार ७३ जना विद्यार्थी अध्ययन गरिरेहका छन्, जसमा आईटीमा ५५ प्रतिशत, व्यवस्थापनतर्फ ४४ प्रतिशत र अन्य विषयमा १ प्रतिशत विद्यार्थी अध्ययन गरिरहेका तथ्याङ्क छ।


विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ को परिच्छेद २ को दफा ५ को उपदफा (ड) का अनुसार युनिभर्सिटी र्‍याङ्किङ का सम्बन्धमा टाइम्स हायर एजुकेशन र साङ्घाइ जिआओटोङ र्‍याङ्किङको वरियतामा रहेका उत्कृष्ट १००० भित्र सम्बन्धन प्राप्त गर्ने उल्लेख छ। तर ५९ वटामा ४६ वटा कलेजले सम्बन्धन लिएका विश्वविद्यालयमा १००० मा पर्दैनन्। जम्मा १३ वटा कलेजले पर्छन्। वरियता १००० भित्र नपरे तापनि ८ वटा कलेजहरू सम्बन्धित विश्वविद्यालयहरू १००१ देखि १५०० भित्र रहेको पाइएको छ। त्यस्तै, गरी विश्व वरियताका लागि आवेदन दिएको तर नपरेकाको कलेजहरू ९ वटा रहेका छन्। आवेदनसमेत नदिएका कलेजहरू २९ वटा रहेका छन्।

यति ठुलो सङ्ख्यामा रहेका यी कलेज आफैं भने मापदण्ड पूरा नगरी सञ्चालनमा हुनुमा नियामक निकायको प्रस्ट कमजोरी देखिन्छ। कम खर्चमा स्वदेशमै विदेशी डिग्रीको रटान लगाइरहेका यी कलेजहरूले विद्यार्थीहरूको भविष्यमाथि खेलबाड गर्दा पनि सरकार नदेखेजसरी बसिरहेको देखिन्छ। यसका पछाडि पैसाको लेनदेन त छैन ? पीडितहरूले सार्वजनिक रूपमै प्रश्न उठाउन थालिसकेका छन्।

**नियमन गर्न खोज्दा शिक्षामन्त्रीको राजीनामा**

महँगो हुने भएकाले आर्थिक रूपमा बलियाका छोराछोरी पढ्छन्। नेता, व्यवसायी, पत्रकार, उच्च तहका कर्मचारी र सेलिब्रिटीलगायतका छोराछोरीको पहिलो रोजाइ यी कलेज हुने गर्दछन्। कुन सङ्कायमा कति पैसा लिने शुल्क निर्धारण गरिएको छैन। विद्यार्थीका अनुसार मनलाग्दी पैसा उठाइरहेका छन्, जसले गर्दा विद्यार्थी र अभिभावकहरू आर्थिक शोषणमा परेको आरोप लगाउँछन्। कुन विद्यार्थीबाट कतिसम्म पैसा उठाइएको छ, मन्त्रालयसँग कुनै आयव्यय छैन। कतिसम्म भने कति विद्यार्थी अध्ययनरत छन् भनेर वास्तविक तथ्याङ्कसमेत राखिएको छैन। आर्थिक कारोबार पारदर्शी भएको छ कि छैन भनेर स्वतन्त्र छानबिन गर्ने निकाय महालेखा परीक्षक हो। यी कलेजहरूका हकमा महालेखाका प्रतिवदेनहरू अध्ययन गर्दा केही भेटिंदैन।

विनिल अर्याल नेतृत्वको अध्ययन प्रतिवेदनविरुद्ध कलेजहरूको साझा सङ्गठन इन्टरनेसनल एजुकेसन प्रोभाइडर्स एसोसिएसन अफ नेपाल (आइप्यान) ले सर्वोच्चमा रिट हाल्यो। त्यो बेला उच्च शिक्षा मापदण्ड ऐन बन्ने क्रममा थियो। तत्कालीन शिक्षामन्त्री विद्या भट्टराई अध्ययन प्रतिवेदनले नियमन गर्ने कानुन नहुँदा समस्या भएको विभिन्न अध्ययनले देखाएपछि कलेजलाई कानुनी दायरामा ल्याउन खोजेको बताइन्। उनी भन्छिन्, "कानुनी दायरामा ल्याउन खोज्दा कलेजहरू अदालतमा पुगे। त्यसपछि मैले शिक्षामन्त्रीबाट राजीनामा दिनुपर्‍यो।" कलेज सञ्चालक अदालतमा पुगेपछि कुनै काम भएन। आइप्यानका अध्यक्ष लक्ष्मण केसी अदालतबाट मुद्दा फिर्ता लिइसकेको बताउँछन्। त्यो बेला अध्ययनको विरुद्ध किन अदालत जानु भयो भन्ने सवालमा उनी भन्छन्, "हामीलाई बदनाम गराउन अध्ययन गरियो। पछि कुरा मिल्यो अनि मुद्दा फिर्ता लियौं।"




**न विद्यार्थी पलायन रोक्यो, न त पैसा**

मुख्यत: विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूले दुई किसिमका कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ। पहिलो, नेपालका विश्वविद्यालयले सञ्चालन नगरेका नयाँ कार्यक्रम। दोस्रो, नेपालकै विश्वविद्यालयले सञ्चालन गरिरहेका कार्यक्रम। यस्ता शिक्षण संस्थाहरूको मुख्य उद्देश्य उच्च शिक्षा हासिल गर्न विदेशमा गइरहेका विद्यार्थी सङ्ख्यालाई कम गर्न नेपालमै विदेशी विश्वविद्यालयको शैक्षिक उपाधि प्रदान गर्ने बताउँदै आइएको छ। त्यति मात्रै नभएर नेपाललाई अन्तर्राष्ट्रिय शिक्षाको केन्द्र बनाउने कलेजहरूको दाबी रहेको छ। यी कलेजहरूको साझा सङ्गठन आइप्यानका अनुसार यो 'स्टडी इन नेपाल' अवधारणामार्फत केवल गुणस्तरीय शिक्षा नभएर बर्सेनि बिदेसिने अर्बौं रकमलाई रोकेको दाबी गरेको छ।

तर, तथ्याङ्कले त्यस्तो पुष्टि गर्दैन। २०७० यताको तथ्याङ्क हेर्ने हो भने पाँच लाख बढी युवा बिदेसिएका छन्। ती अध्ययनका लागि बाहिरिएका हुन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार २०७० मा २८ हजार १२६ जनाले वैदेशिक अध्ययन अनुमति लिएका छन्। २०८१ मा मात्रै आउँदा १ लाख २३ हजार ५८९ जनाले वैदेशिक अध्ययन अनुमति लिएका छन्। वर्षमा एक लाखभन्दा बढी विद्यार्थी अध्ययनका लागि भन्दै बाहिरिन्छन्। १२ वर्षमा मात्रै करिब साढे सात लाखभन्दा बढी विद्यार्थी बिदेसिएका छन्।

यी कलेजले विद्यार्थी पलायन रोकेकोसँगै बाहिरिने रकम पनि रोकेको दाबी गरेका छन्। कोइराला प्रतिवदेनमा आइप्यानले भनेको छ, "बाहिर अध्ययन गर्न जाने युवा पलायन हुनबाट मात्रै रोकेको छैन, देशबाट बाहिरिन सक्ने थप करिब ६० अर्ब रूपैयाँ पनि बिदेसिनबाट जोगिएको छ।" तथ्याङ्कले भने फरक दृश्य देखाइरहेको छ। नेपाल राष्ट्र बैङ्कको आर्थिक वर्ष २०८१/०८२ सार्वजनिक विवरणअनुसार बाहिर अध्ययनका लागि मात्रै भनेर १ खर्ब ३८ अर्ब ४८ करोड रूपैयाँ बिदेसिएको छ। त्यस्तै २०८०/०८१ मा १ खर्ब २५ अर्ब १३ करोड रूपैयाँ बिदेसिएको थियो। बाहिरिने रकम हरेक वर्ष उकालो लागिरहेकै छ।

**सत्ताको आडमा चरम बेथिति**

यस्ता बदमासी उपर दुई दशकदेखि कुनै पनि खालको नियमन भएको छैन। दुई दशकमा शिक्षामन्त्री कति आए-गए। चारपटकसम्म भएका अध्ययनले कमजोरी औँल्याइरहँदा कारबाही अघि बढेन। राज्यको कुनै संरचनाप्रति यी कलेजहरू जवाफदेही भएनन्। सत्ताका आडमा सजिलै कलेजहरू खुले। त्यसपछि त्यहाँ अध्ययन भयो कि भएन ? कलेजको शैक्षिक क्यालेन्डर के हो ? विद्यार्थीको अवस्था के छ ? कुनै पनि जानकारी लिने निकाय भएन।

कलेज सञ्चालन अनुमतिका लागि शिक्षा मन्त्रालयको उच्च शिक्षा शाखाले हेर्ने गरेको छ। त्यसपछि राज्य यी कलेजका बारेमा बेखबरजस्तै छन्। पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठले मन्त्रालयमा यी कलेजलाई लिएर उजुरी आए पनि सम्बन्धित निकायले कुनै कदम नचालेको आरोप लगाउँछिन्। आफूले विदेशी स्तरको शिक्षा नेपालमै दिने भन्दै प्रचार गरेको तर त्यसको मापन गर्ने सूचक नभएको उनको ठहर छ। पूर्वमन्त्री श्रेष्ठ भन्छिन्, "कलेजहरूको गुणस्तर मापन गर्ने कुनै सूचक छैन, जसका कारण विद्यार्थीहरूले केवल प्रमाणपत्रका लागि मात्र पढ्ने स्थिति सिर्जना भएको छ।" सुमना श्रेष्ठले विदेशी कलेजहरूमा मुख्यतया तीनवटा समस्याहरू औँल्याएकी छन्। पहिलो, नेपालका आङ्गिक कलेजहरूमा सिट सङ्ख्या र शुल्क तोकिएको हुन्छ। तर, विदेशी सम्बन्धन प्राप्त कलेजहरूमा न सिट सङ्ख्याको सीमा छ, न त शुल्क नै नियमन गरिएको छ। दोस्रो, मन्त्रालयसँग कुन कलेजमा कति विद्यार्थी छन्, कस्तो पाठ्यक्रम पढाइन्छ र शिक्षकहरूको अवस्था के छ भन्ने कुनै स्पष्ट तथ्याङ्क छैन। तेस्रो, मन्त्री नै सिफारिस समितिको अध्यक्ष र मन्त्री नै स्वीकृत गर्ने समितिको अध्यक्ष हुने व्यवस्था 'दूधको साक्षी बिरालो' जस्तै प्रकृतिको र संरचनागत रूपमै गलत भएको देखिन्छ।

लगानीकर्ता शक्तिशाली भएका र ती राजनीतिक दलसँग पनि जोडिएकोले मन्त्रालयका कर्मचारीहरूले अनुगमन गर्न डराइरहको पूर्वमन्त्री श्रेष्ठको ठहर छ। "विदेशीको नाम जोड्दैमा नेपालमा हुने सबै पढाइ नराम्रो भन्ने भाष्य बनाइएको छ। त्यसलाई व्यापारमा परिणत गरेर विद्यार्थीहरू ठगिरहेका छन्। विद्यार्थी अभिभावकलाई पनि सजिलै विदेश जाने बाटो बनेको छ," उनले भनिन्।

श्रेष्ठपछि शिक्षामन्त्री बनेकी विद्या भट्टराई शङ्कर कोइरालाको संयोजकत्वमा बनेको अध्ययन प्रतिवेदन कार्यान्वयन सचिव र मन्त्रीबिचको असमझदारीका कारण रोकिएको दाबी गरिन्। पहिलो प्रतिवदेनको चार महिनापछि विनिल अर्यालको नेतृत्वमा अध्ययन भयो। मन्त्री बनेर आएपछि उनले विनिल अर्यालको संयोजकत्वमा नयाँ समिति गठन गरिन्। शिक्षा क्षेत्रलाई व्यवस्थित बनाउन उच्च शिक्षा मापदण्ड ऐन बनाउने तयारी गरिएको थियो। तर, यस प्रक्रियामा विभिन्न अवरोध खडा गरेको बताइन्। उनी भन्छिन्, "कलेज सञ्चालकहरू मन्त्रालयको अध्ययनलाई स्वीकार नगरी अदालतमा मुद्दा हाले।" त्यो बेला शिक्षक आन्दोलनले गर्दा मन्त्री भट्टराई दोहोरो चेपुवामा परेकी थिइन्। त्यतिबेला उनकै पार्टी अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए। त्यस बेलाको अवस्था सम्झँदै भन्छिन्, "अध्ययनका विरुद्ध सञ्चालकहरू प्रधानमन्त्रीसम्म पुगे।" नियमन गर्न खोज्दा पहुँचवाला लगानीकर्ता र शक्ति केन्द्रहरूबाट अवरोध हुँदा यी कलेजहरूले नियमन नमानेको उनको निष्कर्ष छ।

त्यस्तै, अध्ययन समूहमा सामेल नेपाल ल कलेजकी प्राध्यापक एवं वरिष्ठ अधिवक्ता विष्णुमाया भुसाल सरकारले खुला छाडेकोले नै यस्तो भइराखेको बताउँछिन्। उनी भन्छिन्, "निर्देशिकाको भरमा यतिका वर्ष यी कलेजहरू सञ्चालनमा छन्। यसलाई नियमन गर्ने कानुनको खाँचो छ।" शिक्षाविद् केदारभक्त माथेमा यी कलेज शिक्षाभन्दा पनि व्यापारमुखी भएको आरोप लगाउँछन्। "निश्चित पहुँचवालाका भरमा कलेज खोल्न अनुमति दिइन्छ। कर्मचारी मोटाइरहेका छन्। नियमन निकाय भए पनि तिनले केही गर्दैनन्," उनले भने।

आइप्यानका अध्यक्ष लक्ष्मण केसी भने यस्ता आरोपलाई कलेजहरूका बदनामी गर्न केही समुह लागिपरेको आरोप लगाउँछन्। उनी भन्छन्, "अध्ययन गरेर मात्र भएन। कुन कुन मापदण्ड पूरा भएन प्रमाणसहित देखाउनुपर्‍यो। प्रमाणविनाका अध्ययन शिक्षा क्षेत्रको बदनामी गर्ने नियत हो।"

**केयूभन्दा धेरै विद्यार्थी**

विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा विद्यार्थीको सङ्ख्या चौथो ठुलो रहेको छ। सबैभन्दा धेरै त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षामा अध्ययन गरिरहेका छन्। विश्वविद्यालय अनुदान आयोगका अनुसार सन् २०२३/०२४ को वार्षिक प्रतिवेदनअनुसार त्रिभुवन विश्वविद्यालयमा ४ लाख ९१ हजार २९९ जना विद्यार्थी छन्। यसले बताउँछ कि उच्च शिक्षा अध्ययन गर्ने ७४ प्रतिशत विद्यार्थी त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत छन्।

दोस्रो धेरै पूर्वाञ्चल विश्वविद्यालयमा ३९ हजार ७८० जना विद्यार्थी अध्ययनरत छन्। त्यो भनेको ६ प्रतिशत विद्यार्थीहरू पूर्वाञ्चल विश्वविद्यालयमा अध्ययनरत छन्। तेस्रोमा पोखरा विश्वविद्यालय रहेको छ। त्यहाँ ३५ हजार २०० विद्यार्थी अध्ययनरत छन्। पोखरा विश्वविद्यालय र विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजबाट अध्ययन गर्ने विद्यार्थी ५/५ प्रतिशत रहेको छ। आइप्यानका अनुसार चौथोमा भने विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा ३४ हजार ४५८ जना रहेका छन्। त्यसपछि मात्रै काठमाडौं विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयमा विद्यार्थीहरू अध्ययनरत छन्। यति ठुलो सङ्ख्यामा अध्ययन गरिरहेका विद्यार्थीहरूको भविष्यमाथि विभिन्न स्वार्थ समूहका कारण खेलबाड गरिँदै आएको छ।

**के भन्छ ब्रिटिश कलेज ? (ब्रिटिश कलेजको यो स्पष्टीकरण अद्यावधिक गरिएको छ।)**

ब्रिटिश कलेजका मार्केटिङ प्रमुख अमरदिप मण्डल नेपालमा फाउन्डेसन वा लेभल-३ अध्ययन अन्तर्राष्ट्रिय शिक्षा प्रणालीअनुसार उच्च तहको अध्ययनका लागि तयारी गर्ने चरण भएकोले अध्ययन गराउँदै आएको बताउँछन्। यसलाई गलत रूपमा व्याख्या गरियो जुन गलत हो। दुबईमा विद्यार्थीलाई अलपत्र पारेको सवालमा प्रमुख मण्डल भन्छन्, "विद्यार्थीहरूलाई दुबई पठाउँदा आवश्यक आधारभूत सीप, ओरियन्टेसन र तयारी गराएर पठाइन्छ। त्यहाँ पुगेपछि इमिरेटस आइडी, वर्क पर्मिटलगायतका कागजी प्रक्रिया स्वाभाविक रूपमा ६० दिनसम्म लाग्न सक्छ, जसका लागि धैर्यता र अनुकूलन क्षमता आवश्यक हुन्छ। यसरी ३०-३५ जना सफलतापूर्वक त्यहाँ पुगेकाछन्, ७-८ जना मात्र फर्किनु परेको हो।"

आशुभसहित विद्यार्थीहरू स्वदेश फर्किनुका कारणमा कागजी प्रक्रियामा प्रतीक्षा, नयाँ कार्य परिवेशमा समायोजनको चुनौती तथा व्यक्तिगत निर्णयहरू प्रमुख रहेको उनको दाबी छ। "हामी स्वीकार गर्छौं कि यस्ता अन्तर्राष्ट्रिय कार्यक्रमहरू जटिल हुन सक्छन् र कहिलेकाहीँ कुराकानीमा ग्याप वा अपेक्षामा फरक पर्न सक्छ। यस्ता विषयलाई हामी सुधारको अवसरका रूपमा लिन्छौं। तर, एक सफल प्रयासलाई गलत ढङ्गले प्रस्तुत गर्नुले विद्यार्थी, अभिभावक र संस्थामाथि नकारात्मक प्रभाव पार्छ," उनले भने।

**समाप्त**

***- हिमालखबर डटकमबाट***



दक्षिण लेबनानको नाबातेह नगरमा इजरायलको रातभरिको बमबारीपछि ध्वस्त भएका आवासीय भवनहरू अप्रिल ६, २०२६ का दिन । इजरायल-अमेरिकाले इरानविरुद्ध आक्रमण थालेसँगै इजरायलले लबनानमाथि कब्जा गर्ने उद्देश्यले बमबारी र स्थल आक्रमण थालेको थियो ।

*तस्बिर : अब्बास फाकी/एएफपी*

# इजरायलमा इरानको मिसाइल आक्रमण जारी

हाइफा, इजरायल, ६ अप्रिल ( एएफपी) । इजरायली फायर फाइटरहरूले उत्तरी सहर हाइफामा एक आवासीय भवनमा मिसाइल प्रहारपछि दुई हराइरहेका व्यक्तिको खोजी गरिरहेका छन् । यस आक्रमणमा अन्य दुईको मृत्यु भएको छ ।

सात तलाको भवनमा मिसाइलको सिधा प्रहारले भवनको केही भाग भत्काएको छ । सेनाले भने अनुसार उद्धारकर्ताहरूले भग्नावशेष र ठुला कंक्रिट ब्लकहरूबिच खोजी गरिरहेका छन् ।

इजरायली गृह मोर्चा कमाण्डका प्रमुख एलाड एड्रीका अनुसार चार व्यक्ति हराइरहेका छन् । "हामीसँग ठुलो विनाश भएको क्षेत्र छ," उनले भिडियो वक्तव्यमा भने । इजरायलको फायर र उद्धार सेवाले चारमध्ये दुई जनालाई मृत फेला परेको जानकारी दिएको छ ।

सैन्य प्रवक्ताले एएफपीलाई भने अनुसार भवनमा मिसाइलको 'सिधा प्रहार' भएको थियो र यो मिसाइल इरानबाट प्रहार गरिएको पुष्टि भयो ।

**वृद्ध र बच्चा घाइते**

इजरायली आपत्कालीन सेवा मागेन डेविड आदोमका अनुसार चार जना घाइते भएका छन्, जसमा १० महिनाको बच्चा समावेश छ, जसको टाउकोमा चोट लागेको छ । ८२ वर्षका वृद्ध पुरुष गम्भीर अवस्थामा थिए, तर पछि अस्पतालले उनको अवस्था स्थिर रहेको जनाएको छ । वृद्ध पुरुष 'भारी वस्तु र विस्फोटबाट घाइते' भएको बताइएको छ । अन्य तीन जनाले टुक्रा र विस्फोटबाट चोट पाएका छन् ।

घटनास्थलमा दर्जनौं सुरक्षा र उद्धार टोली परिचालित थिए । एमडीएका कर्मचारीले स्थानीय बासिन्दाबाट पाइएको जानकारी अनुसार केही व्यक्ति भग्नावशेषमा फसेका थिए । उद्धारकर्ताहरूले ठुला कङ्क्रिटका टुक्रा हटाएर वृद्ध पुरुषलाई सुरक्षित निकाल्न सफल भएका थिए ।

**मिसाइल आक्रमण जारी**

सोमबार इजरायली सेनाले इरानबाट नयाँ मिसाइल प्रहार भएको पत्ता लगाएको छ । प्रत्येक प्रहारमा इजरायली रक्षात्मक प्रणालीहरूले खतरा रोक्ने कार्य गरिरहेका छन् ।

फेब्रुअरी २८ देखि इरानले दैनिक मिसाइल प्रहार गर्दै आएको छ । यो संयुक्त अमेरिकी-इजरायली आक्रमणको प्रतिशोध स्वरूप हो, जसमा इरानका शीर्ष नेताहरू मारिएका छन्, जसमा सर्वोच्च नेता अली खामेनी पनि छन् ।

द्वन्द्वको सुरुवातदेखि, इजरायल र अमेरिकी हवाई आक्रमणले इरानका मिसाइल उत्पादन केन्द्र र आणविक सुविधा लक्षित गरेका छन् ।

# ड्रोन प्रकरणमा सियोलद्वारा गल्ती स्वीकारोक्ति

सियोल, ६ अप्रिल (एएफपी) । दक्षिण कोरियाले यस वर्षको सुरुमा प्रजग कोरियातर्फ पठाइएका ड्रोनसम्बन्धी विवादमा पहिलोपटक स्पष्ट स्वीकारोक्ति गर्दै प्योङयाङसित उक्त घटनाप्रति खेद व्यक्त गरेको छ । राष्ट्रपति ली जे म्युङले सोमबार उक्त घटनालाई 'गैरजिम्मेवारपूर्ण' र 'लापरवाह' कदमका रूपमा वर्णन गर्दै यसले अनावश्यक सैन्य तनाव बढाएको बताउनुभयो ।

सुरुमा सियोलले जनवरीमा भएको ड्रोन घटनामा आफ्नो कुनै आधिकारिक संलग्नता नरहेको दाबी गरेको थियो र यसलाई निजी व्यक्तिको कार्य हुन सक्ने सङ्केत दिएको थियो । तर, पछिल्लो अनुसन्धानले सरकारी निकायसँग सम्बन्धित व्यक्तिहरूको संलग्नता पुष्टि गरेको राष्ट्रपति लीले मन्त्रिपरिषद् बैठकमा जानकारी दिनुभयो । उहाँका अनुसार राष्ट्रिय गुप्तचर सेवाका एक अधिकारी र एक सक्रिय सैनिक यस घटनामा संलग्न रहेको प्रमाणित भएको छ ।

उक्त घटनापछि प्रजग कोरियाले कडा प्रतिक्रिया जनाउँदै फेब्रुअरीमा यस्ता ड्रोन फेरि आफ्नो क्षेत्रमा प्रवेश गरे 'भयानक परिणाम' आउने चेतावनी दिएको थियो । प्योङयाङले जनवरीको सुरुमै 'निगरानी उपकरण' बोकेको ड्रोन खसालेको दाबी गर्दै त्यसका भग्नावशेषका तस्बिरहरू सार्वजनिक गरेको थियो, जसमा क्यामेरा जडान भएको देखिएको थियो ।

राष्ट्रपति लीले केही व्यक्तिको लापरवाह निर्णयका कारण उत्पन्न तनावप्रति प्रजग कोरियासँग खेद प्रकट गर्दै यस्ता गतिविधि अत्यन्त सावधानीपूर्वक मात्रै सञ्चालन हुनुपर्ने बताउनुभयो । उहाँले दक्षिण कोरियाको संविधानले निजी व्यक्तिलाई प्रजग कोरियालाई उक्साउन सक्ने कार्य गर्न निषेध गरेको स्मरण गराउँदै राष्ट्रिय सुरक्षासम्बन्धी कुनै पनि कदम जिम्मेवार ढङ्गले चालिनुपर्ने धारणा राख्नुभयो ।

गत वर्षदेखि पद सम्हालेका लीले प्रजग कोरियासँग सम्बन्ध सुधार गर्ने प्रयास गरिरहनुभएको छ । उहाँले आफ्नो पूर्ववर्ती प्रशासनको आलोचना गर्दै प्योङयाङतर्फ प्रचार सामग्री पठाउने जस्ता गतिविधिले तनाव बढाएको बताउँदै आउनुभएको छ । यद्यपि, उहाँका कूटनीतिक प्रस्तावहरूमा प्रजग कोरियाबाट सकारात्मक प्रतिक्रिया आएको छैन ।

पूर्वराष्ट्रपति युन सुक येओलविरुद्ध भने गम्भीर आरोपहरू लागेका छन् । उनीमाथि प्रजग कोरियातर्फ ड्रोन पठाएर जानाजानी तनाव सिर्जना गरेको र त्यसलाई सैन्य शासन घोषणा गर्ने बहानाका रूपमा प्रयोग गर्न खोजेको अभियोगमा मुद्दा चलिरहेको छ । गत वर्ष अप्रिलमा महाभियोगपछि पदबाट हटाइएका युनलाई मार्सल ल घोषणा गरेको आरोपमा आजीवन कारावासको सजाय सुनाइएको छ ।

दुवै कोरियाबिचको सम्बन्ध लामो समयदेखि तनावपूर्ण रहँदै आएको छ । सन् १९५०-५३ को युद्ध शान्ति सन्धिबिना केवल युद्धविराममा समाप्त भएकाले दुवै देश प्राविधिक रूपमा अझै युद्धकै अवस्थामा छन् । त्यसैले दुवै देशमा अनिवार्य सैन्य सेवा लागू रहनुका साथै सानो घटनाले पनि ठुलो द्वन्द्व निम्त्याउने जोखिम कायमै रहेको देखिन्छ ।

# मध्यपूर्व द्वन्द्वबिच तेल उत्पादनमा वृद्धि

भिएना, ६ अप्रिल (सिन्ह्वा) । तेल निर्यात गर्ने मुलुकहरूको सङ्गठन ( ओपेक) र उसका सहयोगी देशहरूले मे महिनामा दैनिक दुई लाख ६ हजार ब्यारेल तेल उत्पादन बढाउने निर्णय गरेका छन् । यो निर्णय ओपेकद्वारा जारी गरिएको आधिकारिक वक्तव्यमा उल्लेख छ ।

निर्णय भर्चुअल बैठकपछि सार्वजनिक गरिएको थियो, जसमा साउदी अरेबिया, रुस, इराक, संयुक्त अरब इमिरेट्स, कुवेत, काजाकस्तान, अल्जेरिया र ओमानले सहभागी थिए । बैठकले विश्व बजारको अवस्था र भावी दृष्टिकोणको समीक्षा गरेको थियो ।

मध्यपूर्वमा जारी सैनिक सङ्घर्षका बिच, यी आठ ओपेक प्लस देशहरूले ऊर्जा आपूर्ति सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुद्री मार्गको सुरक्षा अत्यन्त महत्त्वपूर्ण भएको औँल्याएका छन् । साथै, ऊर्जा पूर्वाधारमाथि भएका आक्रमणहरूले आपूर्ति प्रणालीमा नकारात्मक असर पुर्‍याएको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनीहरूले क्षतिग्रस्त ऊर्जा संरचनालाई पूर्ण क्षमतामा पुन:स्थापना गर्न महँगो र समय लाग्ने भएकाले सावधानी अपनाउन आवश्यक भएको बताए ।

ओपेक प्लसका यी आठ देशहरू अर्को बैठक मे ३ मा आयोजना गर्दै थप निर्णय गर्ने योजना बनाएका छन् ।

फेब्रुअरी २८ देखि संयुक्त राज्य अमेरिका र इजरायलद्वारा इरानमा गरिएको हवाई आक्रमणपछि मध्यपूर्वमा द्वन्द्वले क्षेत्रीय ऊर्जा आपूर्तिमा गम्भीर अवरोध सिर्जना गरेको छ । यसका कारण कच्चा तेल र परिष्कृत तेल उत्पादन तथा ढुवानीमा उल्लेखनीय गिरावट आएको छ ।

तेल आपूर्ति वृद्धि गर्ने यो कदमले विश्व ऊर्जा सङ्कटसँग जुध्ने रणनीतिक प्रयासको रूपमा हेरिएको छ ।

## विश्व सङ्क्षेप

# अमेरिका-इजरायली आक्रमणमा इरानका गुप्तचर प्रमुखको मृत्यु

तेहरान । इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजीसी) को गुप्तचर शाखाका प्रमुख माजिद खादेमी अमेरिका र इजरायलको आक्रमणमा मारिएका छन् । आईआरजीसी आफैँले एक विज्ञप्तिमा यसको पुष्टि गर्दै भन्यो, "माजिद खादेमीको सोमबार बिहान, अप्रिल ६ मा मृत्यु भयो ।"

इजरायली रक्षामन्त्री इजरायल काट्ज र इजरायल रक्षा बल (आइडीएफ) ले माजिद खादेमीको हत्याको जिम्मेवार लिएका छन् ।

आइडीएफले टेलिग्राममा लेख्यो - उनको हत्या आइआरजीसीको लागि "अर्को ठुलो धक्का" थियो ।

१५ जुन २०२५ मा इजरायली आक्रमणमा मोहम्मद काजेमी मारिएको चार दिनपछि खादेमीलाई आईआरजीसी गुप्तचर सङ्गठनको कमाण्डर नियुक्त गरिएको थियो । गत वर्ष अगस्टमा, खादेमीले इरानको साइबरस्पेसको "सार्वभौमसत्ताको रक्षा" गर्ने आवश्यकतालाई औँल्याउँदै घरेलु इन्ट्रानेट पूरा गर्न प्राथमिकता दिन संसदलाई आग्रह गरे ।

# तेहरान दक्षिणी आवासीय क्षेत्रमा हवाई आक्रमण, कम्तीमा १३ जनाको मृत्यु

तेहरान, ६ अप्रिल (सिन्ह्वा) । इस्लामसहरमा सोमबार बिहान भएको हवाई आक्रमणमा कम्तीमा १३ व्यक्तिको मृत्यु भएको छ र धेरै अन्य घाइते भएका छन् । फार्स समाचार एजेन्सी र नूर न्यूजका अनुसार, आक्रमण स्थानीय समय अनुसार बिहानै एक आवासीय भवनमा परेको थियो । यस घटनाले क्षेत्रीय बासिन्दा र परिवारहरूमा भय र त्रास मच्चाएको छ ।

आक्रमणको उद्देश्य अहिलेसम्म स्पष्ट छैन । यसमा संलग्न पक्षको जिम्मेवारी सार्वजनिक गरिएको छैन, र इजरायल तथा संयुक्त राज्य अमेरिकाले यसबारे कुनै टिप्पणी गरेका छैनन् । सुरक्षा अधिकारीहरूले घटनास्थलको नियन्त्रण लिएका छन् र घाइतेहरूको उपचारका लागि उद्धार कार्य तीव्र बनाइएको छ । घटनास्थलमा स्थानीय प्रशासन, सुरक्षा बल र स्वास्थ्य टोलीले राहत तथा खोजकार्यलाई प्राथमिकता दिएका छन् ।

विशेषज्ञहरूले जनाएका अनुसार आवासीय क्षेत्रलाई लक्षित गरेको हवाई आक्रमण अन्तर्राष्ट्रिय मानवअधिकार र युद्ध कानूनको दृष्टिले संवेदनशील विषय हो । नागरिक जनसङ्ख्यामा प्रत्यक्ष असर पर्ने यस प्रकारको हमला दीर्घकालीन सामाजिक र मनोवैज्ञानिक प्रभावहरू पनि पार्न सक्छ ।

यो आक्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प द्वारा हर्मुज जलडमरू पुन: खोल्न नसके 'नरक खोलन' धम्की दिएको केही घण्टापछि भएको हो । यसले क्षेत्रीय तनाव बढाएको र अन्तर्राष्ट्रिय स्तरमा पनि चेतावनी सङ्केत दिएको छ ।

# नाइजेरियाली सेनाद्वारा अपहरण गरिएका ३१ जनालाई उद्धार, ५ जनाको मृत्यु

लागोस, ६ अप्रिल (एएफपी) । नाइजेरियाको सैनिक बलले कादुना राज्यको उत्तरपश्चिमी क्षेत्रमा ईस्टर पर्वको अवसरमा अपहरण गरिएका ३१ जनालाई उद्धार गरेको घोषणा गरेको छ । तर, यस घटनामा कम्तीमा पाँच व्यक्तिको मृत्यु भएको छ ।

क्यालेब बावा माआजी अनुसार, स्थानीय क्याथोलिक र इभान्जेलिकल चर्चहरूमा आक्रमण भएको थियो । अपहरणको घटना अबुजाबाट करिब १०० किलोमिटर उत्तरमा रहेको अरिको गाउँमा घट्यो । यसअघि पुलिस प्रमुखले ईस्टर पर्वको अवसरमा पूजा स्थलहरूमा 'व्यापक सुरक्षा व्यवस्था' गर्न आदेश दिनुभएको थियो ।




सैनिक बलका अनुसार, "द्रुत प्रतिक्रियामार्फत आतङ्ककारी आक्रमण असफल पार्दै ३१ जनालाई उद्धार गरिएको" हो । सैनिकहरूले आक्रमणकारीसँग गोलीबारी गरेको र त्यसपछि अपहरणकर्ताहरूले होस्टेज छोड्न बाध्य भएको जनाएको छ । घटनामा कम्तीमा पाँच जनाको मृत्यु भएको छ, तर माआजी अनुसार सात जनाको मृत्यु भएको थियो ।

जनवरीमा कादुनामा तीन चर्चमा सामूहिक अपहरण हुँदा १७० भन्दा बढी व्यक्तिहरू अपहरणमा परेका थिए । तीमध्ये ८० जना भाग्न सफल भए र बाँकीको तीन हप्तापछि वार्ता पश्चात रिहाइ भएको थियो ।

कादुना उत्तरपश्चिमी र मध्य नाइजेरियाका केही राज्यहरूमा वर्षौंदेखि अपराधी गिरोह (ब्यान्डिट्स) ले समुदायहरूमा आक्रमण गरी अपहरण गर्ने गतिविधि जारी छ । यद्यपि यी ब्यान्डिटहरू प्राय: आर्थिक लाभका लागि हिंसा गर्छन्, उनीहरू पूर्वोत्तरका जिहादी समूहहरूसँग पनि सहकार्य गर्दै आएका छन् । सैनिकले प्रयोग गरेको 'आतङ्ककारी' शब्द जिहादी वा ब्यान्डिटलाई जनाउँछ कि भन्ने स्पष्ट छैन ।

यसैबिच, नाइजेरियाली सेना जाम्फारा राज्यमा ६५ ब्यान्डिट मारिएको रिपोर्ट पनि सार्वजनिक भएको छ । यो आक्रमण अपहरण भएको क्षेत्रमा होइन, तर सैनिक बलले त्यहाँ 'महत्त्वपूर्ण सफलता' हासिल गरेको जनाएको छ ।

# सांस्कृतिक पर्व : 'चैत बारुवाँ, सोरुवाँ र बिसुवाँ'

शुरबहादुर सिंह

कर्णाली । 'चैता बारुवाँसम्म घर आएन भने जुम्ली मर्‍यो भुनि जान्नु' अर्थात् (चैतको १२ गतेसम्म पनि घर पुगेन भनेर जुम्लीको मृत्यु सुनिश्चित गर्नु) । यो कर्णालीको जनजीवनमा आधारित यथार्थ र कारुणिक कथन हो । कथनी भए पनि करणीसँग मेल खाने यस भनाइले यहाँको सामाजिक र सांस्कृतिक जीवनसँग अन्तरसम्बन्ध राख्दछ ।

खासगरी असोज कार्तिकमा धान, कोदो, फापरलगायतका बाली भण्डारण गरेर कालापहाड जाने कर्णालीवासीको जीवनशैलीसँग अन्तरसम्बन्धित कथा बोकेको ऐतिहासिक महत्वको दिन हो, चैत १२ गते अर्थात् बारुवाँ । यसलाई जुम्लाले विशेष महत्त्व दिएर 'मुठो रोपेर मुरी उत्पादन' गर्ने शुभदिनका रूपमा मनाउने गर्दछ ।

कर्णाली प्रदेश सरकारले राजपत्रमै प्रकाशन गरेर २०७६ चैतको १२ गतेलाई जुम्लाको धान दिवस मनाउने गरी सार्वजनिक बिदा दिँदै आएको छ । त्यसै अनुसार धान दिवसका रूपमा जुम्लालाई चैत १२ गते सार्वजनिक बिदा दिइन्छ । यही दिनबाट धानको बीउ उमार्न कृषकहरूले चार/चार दिनको फरक पारेर बेर्नामा छर्ने बीउ तयार पार्दछन् ।

कर्णालीका संस्कृतिसम्बन्धी जानकार रमानन्द आचार्यका अनुसार जुम्लाले चैत महिनालाई 'बारुवाँ (१२ गते), सोरुवाँ (१६ गते) र बिसुवाँ (२० गते)' पर्वका रूपमा मनाउँछ । चैत १२ गते नदी वा खोला किनारको पानीमा धान भिजाउने, चैत १६ त्यहाँबाट निकाल्ने र चैत २० गते आलीमा बीउ छर्ने दिन सामाजिक तथा सांस्कृतिक दृष्टिले सम्पन्न मानिन्छ । यो पर्व अहिले पनि विद्यमान छ र नागरिकले यसलाई निरन्तरता दिइरहेका छन् । खासगरी सोमबार जुम्ली किसानहरूले वर्षभरि लगाउने सबै खेतबारीमा रोप्न मिल्ने आँकलन गरी त्यही परिमाणमा कालीमार्सी धान केलाएर पुष्ट धानलाई भाँगो वा अल्लाबाट बनेको बोरामा हालेर नजिकैको नदी वा खोलामा भिजाउने परम्परा रहेको बताउनुभयो ।

बारुवाँमा भिजाइएको धानलाई चार दिनपछि सोरुवाँ (चैत १६) गतेका दिन पानीबाट उतारेर घरमा ल्याउँछन् । भिजाइएको धानलाई घरको चुल्होसँग जोडिएको मैडो (समथर ठाउँ) मा राख्छन् । सल्लाको भुप्रा वा भोजपत्रले त्यसलाई ढाकेर न्यानो बनाउँछन् । त्यही दिनमा भिजाइएको धानको चिउरा कुट्छन् र विवाह भएर गएकी छोरी बहिनीहरूलाई कोसेलीका रूपमा पठाउने गर्दछन् ।

विशेषतः बारुवाँ पर्व, चन्दननाथ बाबा र लक्षालकृति पैकलोबिच अन्तरसम्बन्ध रहेको जानकार आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "प्रदेश सरकारले बारुवाँलाई केन्द्रित गरी जुम्लामा सार्वजनिक बिदा दिएर बारुवाँ संस्कृतिको ऐतिहासिक बिरासत जोगाएको छ । बारुवाँले मार्सी धानको शुभारम्भ, यसको खोज र उत्पादनको इतिहासलाई पल्टाउँछ ।" उहाँका अनुसार साके सम्वत् १५१५ मा विद्वान हरिदास आचार्यले लेखेको ५० श्लोकको 'सिद्ध पञ्चाशती' मा पनि कालीमार्सी धान जुम्लामा उत्पादन भएको व्याख्या गरिएको छ ।

पन्ध्रौं शताब्दीतिर चन्दननाथ बाबाले आफ्नो अध्ययन, खोज तथा अनुसन्धान कालीमार्सी धान पत्ता लगाएको पाइन्छ । किंवदन्ती अनुसार तातोपानी गाउँपालिकामा जन्मेको लक्षालकृति पैकलो (शूरवीर) ले तातोपानीकै लाक्षु जिउलोको बिचमा अवस्थित गुरु फोक्टो (गऱ्हो) बाट कालीमार्सी धानखेती सुरुवात गरेको इतिहासमा उल्लेख भएको उहाँको भनाइ छ ।

**को हुन् लक्षालकृति पैकेलो ?**

किंवदन्तीअनुसार लक्षालकृति पैकेलो चन्दननाथ बाबाको आज्ञाकारी चेलो थिए । यद्यपि, तातोपानी गोप्थडा गाउँनिवासी सन्तानविहीन बुँदे बुढा वनमा निगाला लिन जाँदा रोइरहेको बालक भेटाएपछि घरमा ल्याएर धर्म छोरो बनाएका थिए । उनले दानुवा दह नजिकको दानसाँघु भिट्टो (डाँडो), हालको जुम्ला सदरमुकामको यावा दहसँग जोडिएको खलाचौर भिट्टो र लामी रहसँग जोडिएको बाँजाराउ भिट्टो काटेर जुम्लामा मानव बस्ती बसाल्नुका साथै धानखेती सुरु गरेका थिए भन्ने भनाइ छ ।

इतिहासकारहरूलाई उद्धृत गर्दै आचार्यले लक्षालकृति एक असाधारण, शक्तिशाली, पराक्रमी एवं परिश्रमी व्यक्ति भएको र उनले गरेको मार्सी धान खेतीपछि साविकका कर्णालीका अन्य जिल्लामा पनि फैलिएको बताउनुभयो । लक्षालकृति पैकलोले धानखेती सुरु गरेको गुरु फोक्टो रहेको जिउलोको नाम लाक्षु रहेकाले जुम्लाका चौधबीस, असी, सिन्जा दरा (भेक) बाहेक पाँच सय दरामा कालीमार्सी धान उब्जनी गर्न थालिएको उहाँको भनाइ थियो ।

तातोपानी गाउँपालिकाका पूर्वअध्यक्ष नवराज न्यौपानेले सामाजिकसहित सांस्कृतिक बिरासत बोकेको बारुवाँ (चैत १२) ले कर्णालीको आत्मनिर्भरतालाई समेत जोड दिँदै आएको बताउनुभयो । आत्मनिर्भर एवं स्वाभिमानी जीवन जीउन, मेहनत, परिश्रम गरेर खाने संस्कारलाई बढावा दिनुका साथै बेला चुकाउनेले अन्तमा गएर चुकचुकाउने (पश्चाताप) गर्ने सिवाय केही गर्न सक्दैन भन्ने अर्थपूर्ण सन्देश पनि नागरिकमा प्रवाह गर्दै आएको उहाँले जनाउनुभयो ।



उहाँले भन्नुभयो, "हाम्रो खेती प्रणाली र पर्यावरण बचाउन हामीले मान्दै आएका संस्कृतिले ठुलो सहयोग पुऱ्याउँदै आएका छन् । यद्यपि, आधुनिकताको तीव्र विकासले मौलिक संस्कृतिहरू लोप मात्र होइन, हामी नागरिकमा परनिर्भरता बढ्दै गएको छ ।" ब्रुटाकलरको प्रयोगपछि त्यसको असर सहन नसकेको कालीमार्सी पछिल्लो समयमा लोपोन्मुख अवस्थामा पुगेकोले नागरिकमा चिन्ता बढेको उहाँले बताउनुभयो ।

नेपाल कृषि अनुसन्धान केन्द्रले पुरानो र नयाँ प्रविधिको संयोजनबाट कालीमार्सीको साख बचाउनुपर्ने र सबै तहका सरकारहरूको संलग्नतामा यसको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुनुपर्ने पूर्वअध्यक्ष न्यौपानेले सुझाउनुभयो । उहाँका अनुसार कालीमार्सीको संरक्षणसँगै यहाँका रैथानेबालीहरू कोदो, सिमी, फापर, चिनो, कागुनो, मार्से र उवाको संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुग्न सक्छ ।

**बारुवाँ, सोरुवाँ, बिसुवाँ र सामाजिक जीवन**

बारुवाँ र सामाजिक जीवनको आफ्नै अन्तरसम्बन्ध छ । बारुवा पर्व मात्र नभई कर्णालीको समग्र खेती प्रणाली, यहाँका मान्ठ (नागरिक) हरूको दिनचर्यालाई यथार्थरूपमा चित्रण गर्ने सामाजिक एवं मौलिक महत्त्वको दिन हो । यसको सामाजिक तथा सांस्कृतिक महत्त्वले जुम्लाईतरको इतिहास र वर्तमान अवस्थाको तुलनात्मक ढङ्गबाट अध्ययन एवं अनुसन्धान गर्न मुखरित गर्दछ । बारुवाँले जुम्ली घर आउने कुरासँग मात्र सम्बन्ध राख्दैन । उनीहरूको चालचलन, भेषभूषा, रितिरिवाज, संस्कार, जीवनशैली र उतिबेलादेखि आजसम्मको कर्णालीको वास्तविकता सरल तवरबाट कोट्याउन उत्प्रेरित गर्दछ ।

जुम्लीको छ महिनाको कहालीलाग्दो कालापहाड यात्रा, त्यो अवधिमा भोगेका तीता क्षणहरू, परदेशीको पर्खाइमा बस्ने परिवार, घर फिर्तिपछिको मिलन, खुसी र रोदनको निर्धारण पनि यही बारुवाँले गर्दथ्यो । त्यो परिवेश आजसम्म पनि कायम छ । फरक यतिमात्र हो, अहिले चैत १२ गतेको दिन भेट्न जुम्लाका मान्छेहरू गाडीमा आउँछन्, उतिबेला महिनौं दिनको पैदल यात्रापछि चैत ११ गतेसम्म घर पुग्ने गर्दथे ।

डेढ दशक अघिसम्म साविक कर्णाली पैदल यात्राकै भरमा जुम्ला पुग्थ्यो । आज करिब घरसम्मै मोटर पुग्छ । तर उतिबेला चैतको १२ गते कसैको घरमा निकै खुसीयाली हुन्थ्यो भने कसैको घरमा रुवाबासी । कालापहाड गएको छ महिनापछि परदेशी घर नफर्कंदा एकै छिमेकका परिवारमा कसैले श्रीमान्, कसैले छोरा त कसैले बाउ, दाइभाइ, काका, भान्जा, देवर गुमाएको हुन्थ्यो ।

आफ्नो सदस्य गुमाएको परिवारको कारुणिक दृश्यले छिमेकीलाई पनि स्तब्ध बनाउँथ्यो । अघिल्लो दिन मखमली चोलो, धोती (गाबुन), पटुका, चुरापोते, चुल्ठीलगायतले सुन्दर पहिरनमा सजिएकी महिला क्षणभरमै फेरिएको सेतो पहिरनले विरूप बन्न विवश हुन्थिन् । परदेशीको अनागमनले आशातीत परिवारको एकाएक खुसी लुटिन्थ्यो । उनीहरूको आशा सधैंका लागि सकिएर जान्थ्यो ।

यद्यपि मौलिक एवं विशेषतायुक्त कर्णालीको ग्रामीण संस्कार दुःखमा परेका परिवारका लागि निकै सहयोगी बन्थ्यो । छिमेकीहरूले पीडित घर परिवारलाई वर्षौंसम्म खेती किसानी, धारा पँधेरा, वस्त्र व्यवस्थापनलगायतका कुरामा सहायता गरिरहन्थे । विडम्बना, सेतो पहिरनकी महिलाप्रति हेर्ने सामाजिक दृष्टिकोण भने निकै फरक अर्थात् कमजोर थियो । उनले हेपिएर बस्नुपर्ने बाध्यता भेलिरहनु पर्थ्यो । अपितु, अहिलेको समाज त्यो भन्दा धेरै माथि उठेको छ ।

तिला गाउँपालिका-४ जुम्ला निवासी बीरबहादुर सिंहले कालापहाडमा गएर आफ्नै सहपाठीहरूले अकालमा ज्यान गुमाएको तीतो अनुभव सुनाउनुभयो । सिंहले भन्नुभयो, "जुम्लाबाट खानाखर्च, लत्ताकपडा, भाँडाकुडासहित पैदल हिँडेर नेपालगञ्ज पुग्न महिना दिन लाग्थ्यो । भारतमा ज्यालादारी काम गरेर छ महिनापछि बारुवाँ भेटाउनै पर्थ्यो तर साथी गुमाएर घर पुगेको दिन निकै पीडादायी हुन्थ्यो । शोकाकुल परिवारलाई कसरी सम्भाउने होला भन्ने कुराले पिरोलिनु पर्थ्यो ।"

विगतमा हुलाकीको काम परेवाले गर्दथ्यो भन्ने किंवदन्ती र बिहान काग कराउँदा के खबर लिएर आयो भनेर निधो गर्ने संस्कारलाई आज सूचना, सञ्चार र नवीनतम् प्रविधिको विकासले विस्थापित गरिदिएको छ । कुनैबेला सञ्चारको निकै प्रभावकारी र भरपर्दो माध्यम मानिने हुलाक सेवाको रूपान्तरण अपेक्षित हुन नसक्दा यो सेवा पनि आजको युगमा पानासोनिक रेडियोको अवस्था पुगेको आभास हुन्छ ।

शारीरिक स्पर्शबाहेक करिब सबै कामहरू आधुनिक प्रविधिले समाधान गरिरहेको छ । त्यतिमात्र होइन, यो सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता बोकेको हाम्रो मौलिक संस्कृति, संस्कार तथा सभ्यता संरक्षणमा ठुलो चुनौती बन्दै गएको छ । प्रकृति र मौलिकतासँग जोडिएका कुरालाई संरक्षण र जगेर्ना गर्न राज्यले त्यही प्रकारको नीति तथा कार्यक्रम ल्याउनुपर्ने जुम्लाका लक्ष्मीकन्या बुढाले बताउनुभयो ।

उहाँका अनुसार लोपोन्मुख अवस्थामा पुगेको काली र रातो मार्सी धानजस्ता रैथाने बालीहरू ब्लास्ट रोग (धानमा लाग्ने मरुवा रोग) को संरक्षणमा समस्या हुँदै गएको छ । यसको संरक्षण, अनुसन्धान र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । मानव जीवनसँग जोडिएको संस्कृति, परम्परा र पहिचानको जीवित दस्तावेजलाई जीवन्त राख्न तीनै तहका सरकार र समुदायबिच सहकार्य आवश्यक छ । परम्परागत ज्ञान, सीप र आधुनिक प्रविधिको संयोजनबाट यसको जगेर्ना गर्नुपर्दछ । मानवीय भावना, सामाजिक तथा सांस्कृतिक जनजीवन, परिवेश, संस्कार, मौसम, कृषि कर्म र मानव जीवन अस्तित्वसँग जोडिएको 'बारुवाँ, सोरुवाँ र बिसुवाँ पर्व' कर्णालीको समग्र मानव जीवनको द्योतक हो । **रासस**

# काठमाडौँ उपत्यकामा नियम उल्लङ्घन गरी सवारी चलाउनेविरुद्ध कडा निगरानी

काठमाडौँ । काठमाडौँ उपत्यकामा सवारी दुर्घटनाको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले काठमाडौँ उपत्यकामा नियम उल्लङ्घन गरेर सवारी चलाउने चालकविरुद्ध कडा निगरानी तथा कारबाही अभियान सुरु गरेको छ ।

पछिल्ला दिनहरूमा बढ्दो सवारी दुर्घटनाका मुख्य कारणमध्ये मादक पदार्थ सेवन (मापसे), लागूपदार्थ सेवन (लापसे) तथा ट्राफिक नियम उल्लङ्घन पनि रहेको निष्कर्षपछि काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले विशेष अभियान नै सञ्चालन गरेको हो ।

उक्त अभियानमा उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारी टोलीसहित आफैँ सडकमा खटिने गर्नुभएको छ भने 'कन्ट्रोल रुम' मा बसेको टोलीले कहाँ कुन नम्बरको सवारीसाधनले नियम उल्लङ्घन गरेको छ, सो विषयमा जानकारी दिने गरेको बताइएको छ ।

ट्राफिक प्रहरीले बिहान सबेरै सार्वजनिक सवारीसाधनका चालकहरूलाई लक्षित गरी तथा दिउँसो र साँझतिर विशेषगरी दुईपाङ्ग्रे सवारीसाधनका चालकहरूलाई केन्द्रित गरेर विभिन्न स्थानमा चेकजाँच सुरु गर्ने गरेको छ ।

अहिले राजधानीका मुख्य चोक, व्यस्त सडक तथा दुर्घटना बढी हुने स्थानहरूमा ट्राफिक प्रहरी परिचालन गरी चालकहरूले मादक पदार्थ वा लागूपदार्थ सेवन गरेका छन् वा छैनन् भन्ने परीक्षण गरिँदै आएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले सवारी दुर्घटना न्यूनीकरण र यात्रुको सुरक्षालाई प्राथमिकतामा राखेर उक्त अभियान सञ्चालन गरिएको बताउनुभयो । उहाँका अनुसार एक जना चालकले सार्वजनिक सवारीसाधनमा दर्जनौँ यात्रुको जिम्मेवारी बोकेको हुन्छ, त्यसैले चालकको सानो लापरवाहीले ठुलो दुर्घटना निम्त्याउन सक्छ ।

उहाँले भन्नुभयो, "एक जना चालकले दर्जनौँ यात्रु बोकेर यात्रा गराइरहेको हुन्छ । यदि त्यही चालकले मापसे वा लापसे गरेर सवारी चलायो भने दुर्घटना भए त्यसको जिम्मेवारी कसले लिन्छ ? हाम्रो मुख्य उद्देश्य सवारी दुर्घटना न्यूनीकरण गर्नु हो । त्यसैले मापसे र लापसे गरेर सवारी चलाउने चालकविरुद्ध कडा रूपमा प्रस्तुत हुन्छौँ ।"

ट्राफिक प्रहरीले सञ्चालन गरेको विशेष अभियानअन्तर्गत हालसम्म दर्जनौँ सार्वजनिक सवारीसाधनका चालकहरू मापसे र लापसे सेवन गरी सवारी चलाएको पाइएपछि कारबाहीमा परिसकेको जनाएको छ । पक्राउ परेका चालकहरूलाई ट्राफिक नियमअनुसार जरिवाना गर्नाका साथै आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ ।

यसैबिच, ट्राफिक प्रहरीले अबदेखि मादक पदार्थ वा लागूपदार्थ सेवन गरेर सवारी चलाउने, सडकका 'डिभाइडर' मा ठोक्काएर सवारी चलाउने तथा यात्रुको ज्यान जोखिममा पार्ने चालकहरूको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) नै खारेज गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने तयारी गरेको छ ।

लापरबाहीपूर्वक सवारी चलाउने प्रवृत्ति नियन्त्रण नगरेसम्म दुर्घटना न्यूनीकरण सम्भव नहुने भएकाले अब कडा कदम चाल्नुपर्ने अवस्था आएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक अधिकारी बताउनुभयो । उहाँले भन्नुभयो, "लापरबाहीपूर्वक सवारी चलाउने प्रवृत्ति अब सह्य हुँदैन । यस्तो अवस्थामा केवल जरिवाना काटेर मात्रै पुग्दैन, आवश्यक परे चालकको लाइसेन्स नै खारेज गराउने प्रक्रिया अघि बढाइन्छ ।"

ट्राफिक प्रहरीले मापसे र लापसे विरुद्धको अभियानसँगै ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनका चालकहरूमाथि पनि कडाइ गर्न थालिएको र विशेषगरी ट्राफिक लाइटको पालना नगर्ने चालकहरूलाई निगरानीमा राखेर धमाधम कारबाही भइरहेको ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार ट्राफिक लाइट उल्लङ्घन गरेर रातो बत्ती बल्दा पनि सवारी नरोकी अघि बढ्ने चालकहरूलाई विशेष निगरानीमा राखिएको प्रवक्ता सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "रातो बत्ती बल्दा नरोकीकन सवारी चलाउने, दिउँसै मापसे गरेर गाडी वा बाइक चलाउने चालकहरूलाई नियन्त्रणमा लिएर कारबाही गर्न सुरु गरेका छौँ । चारपाङ्ग्रे र दुईपाङ्ग्रे सवारीसाधनका दर्जनौँ चालकहरू कारबाहीमा परेका छन् ।"

ट्राफिक प्रहरी प्रमुख अधिकारीका अनुसार आगामी दिनहरूमा पनि उपत्यकाका विभिन्न स्थानमा यस्ता चेकजाँच अभियानलाई निरन्तरता दिइनाका साथै चालकहरूलाई सचेतना कार्यक्रममार्फत ट्राफिक नियम पालना गर्न, मादक पदार्थ सेवन गरेर सवारी नचलाउन तथा सुरक्षित यात्रा सुनिश्चित गर्न आग्रह गरिने छ ।

**मापसे गरी सवारीसाधन चलाउने १२ जना कारबाहीमा**

काठमाडौँ उपत्यका ट्राफिक प्रहरीको विशेष अभियानअन्तर्गत सोमबार बिहान गरेको सप्राइज चेकिङका क्रममा मादक पदार्थ (मापसे) सेवन गरी सवारीसाधन चलाउने १२ जना चालकलाई कारबाहीमा परेका छन् ।

उपत्यकाका विभिन्न स्थानमा गरिएको उक्त चेकिङका मापसे सेवन गरी सवारीसाधन चलाउने भाडा बस दुई, विद्यालय बस एक, भाडा मिनी ट्रक दुई, भाडा सुमो एक, भाडा माइक्रो एक, भाडा टेम्पो एक, पर्यटक भ्यान एक र निजी कार तीन वटा गरी १२ वटा सवारीसाधनका चालकहरूलाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आज हामीले विशेष अभियानअन्तर्गत सप्राइज चेकिङ १२ जना चालकलाई कारबाही गरेका छौँ, हाम्रो अभियान निरन्तर जारी छ ।"

यात्रु बोक्ने जस्तो संवेदनशील सवारीसाधन चलाउने चालकले लागूपदार्थ तथा मादकपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बरमा खबर गर्न उपत्यका ट्राफिक प्रहरी कार्यालयले सबैमा आग्रह गरेको छ । **रासस**

# ऊर्जा महँगीको चपेटामा श्रीलङ्का, ग्यास मूल्यमा ठुलो वृद्धि

कोलम्बो, २३ चैत (एएफपी)। मध्यपूर्वमा जारी द्वन्द्वको प्रत्यक्ष असर झेल्दै श्रीलङ्काले घरेलु तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) को मूल्य सोमबार झन्डै एक चौथाइले बढाएको छ। यसले आर्थिक रूपमा पुन:उत्थानको प्रयासमा रहेको देशमा थप दबाब सिर्जना गरेको छ।

सरकारले विश्व बजारमा बढ्दो मूल्यलाई कारण देखाउँदै ग्यासको मूल्य वृद्धि गरेको हो। श्रीलङ्का पूर्ण रूपमा ग्यास र तेल आयातमा निर्भर रहँदै आएको छ भने विद्युत् उत्पादनका लागि कोइला पनि बाह्य स्रोतबाट खरिद गर्नुपर्ने अवस्था छ। यस पृष्ठभूमिमा मध्यपूर्वमा लामो समयदेखि जारी युद्धले देशको अर्थतन्त्रलाई पुन: कमजोर बनाउने चिन्ता बढेको छ।

सोमबार गरिएको मूल्य समायोजन गत महिना गरिएको आठ प्रतिशत वृद्धिपछि आएको हो, जसले निरन्तर बढ्दो ऊर्जा लागतको सङ्केत गरेको छ। घरेलु एलपिजी बजारको करिब एक चौथाइ हिस्सा ओगट्ने एक निजी कम्पनीले आफ्नो खुद्रा मूल्य चार हजार ६३० रूपैयाँ ( श्रीलङ्काली मुद्रा) बाट २३ प्रतिशतले बढाएर पाँच हजार ७०० रूपैयाँ पुर्‍याएको छ।

त्यस्तै, राज्य स्वामित्वको प्रमुख आपूर्तिकर्ता लिट्रो ग्यासले १२.५ किलोग्राम सिलिन्डरको मूल्य तीन हजार ९९० रूपैयाँबाट बढाएर चार हजार ७६५ रूपैयाँ निर्धारण गरेको छ। यो १९.४२ प्रतिशतको वृद्धि हो। कम्पनीका प्रवक्ताले अप्रिल महिनाका लागि पर्याप्त आपूर्ति रहेको जानकारी दिँदै अन्तर्राष्ट्रिय बजारमा एलपिजीको मूल्यवृद्धि र ढुवानी खर्च बढ्नु नै मूल्य समायोजनको मुख्य कारण भएको बताएका छन्।

यसअघि पनि इरानविरुद्ध अमेरिका-इजरायल आक्रमण र त्यसपछि भएको जवाबी कारबाहीका कारण विश्वव्यापी ऊर्जा बजार प्रभावित बनेपछि श्रीलङ्काले इन्धन र बिजुलीको मूल्य एक तिहाइभन्दा बढीले बढाएको थियो।

विशेषगरी, विश्व ऊर्जा आपूर्तिको प्रमुख मार्ग मानिने होर्मुज जलडमरूमध्य द्वन्द्वका कारण प्रभावकारी रूपमा बन्द हुँदा कच्चा तेल र ग्यास आपूर्ति प्रभावित भएको छ। सामान्य अवस्थामा विश्वको करिब २० प्रतिशत ऊर्जा निर्यात यही मार्ग हुँदै हुने गर्छ।

## हार्दिक समवेदना



यस साथीभाइ समूहका सदस्य रवि ध्वजुकी ममतामयी माता **रत्नकेशरी ध्वजु**को असामयिक निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

जन्म : २०१२।०३।१०
निधन : २०८२।१२।१३

**साथीभाइ समूह**
पाण्डोबजार, सू.न.पा.-६

# राजगुठी जग्गा संरक्षण गर्न घ्याङ गुठीको माग

काठमाडौँ, २३ चैत। गुठी संस्थानअन्तर्गत रहेको बौद्धको राजगुठी जग्गा संरक्षण गर्न बौद्ध घ्याङ गुठीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायत सरोकार भएका सरकारी निकायको ध्यानाकर्षण गराएको छ।

बौद्ध घ्याङ गुठीका नाममा रहेको जग्गा नेपाल सरकारका नाममा नाम सारी गरी त्यसका माध्यमबाट भूमाफियाले हडप्न खोजेको भनी आयोगमा उजुरी परेको हो। बौद्ध घ्याङ गुठीका चिनियाँ लामाका स्वकीय सचिव हरिश लामाले आयोगमा गत माघ ११ गते यससम्बन्धी उजुरी दर्ता गराउनुभएको छ। गुठीका नाममा रहेको १८ रोपनी तीन आना पाँच पैसा जग्गा हाल साबिक गरी सरकारीकरण गर्न बौद्धनाथ क्षेत्र विकास समितिले गत कार्तिक २८ गते मालपोत कार्यालय चावहिललाई पत्र लेखेको उजुरीमा उल्लेख छ।

समितिका कार्यकारी निर्देशक मोहनकुमार तामाङले लेखेको पत्रमा साबिक बौद्ध वडा नं ३ को कित्ता नं ४७ को क्षेत्रफल तीन रोपनी दुई आना एक पैसा र सोही वडाको कित्ता नं १९० को बौद्ध मन्दिरको क्षेत्रफल १५ रोपनी दुई आना एक पैसा जग्गा हाल साबिक गरी जग्गा धनी पुर्जा र स्रेस्ता तयार गरी समितिमा पठाइदिन पत्राचार गर्नुभएको स्वकीय सचिव लामाले जानकारी दिनुभयो।

समितिको पत्रका आधारमा मालपोत कार्यालयले नापी कार्यालयलाई गत कार्तिक ३० गते पत्र लेखी भूमि प्रशासन निर्देशिका २०८१ को परिच्छेद ११ दफा २६७ मा भएको व्यवस्थाबमोजिम कारबाही गर्न पनि समितिले माग गरेको छ।

ती जग्गा सरकारका नाममा नभई गुठीका नाममा दर्ता रहेको पनि बौद्ध घ्याङ गुठीले स्पष्ट पारेको छ। समितिको मागका आधारमा त्यो जग्गा सरकारका नाममा जग्गाधनी प्रमाण पुर्जा बनाउने प्रक्रिया अघि बढाउने अधिकार मालपोत कार्यालयलाई नभएको आयोगमा दर्ता गरिएको उजुरीमा उल्लेख छ।

चिनियाँ लामालाई विवादमा तानेर भूमाफियाले पदबाट हटाउन खोजेको स्वकीय सचिवालयका लामाले हस्ताक्षर गरेको उजुरीमा उल्लेख गरिएको छ। सचिवालयका तर्फबाट यस विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पनि निवेदन पेस गरिएको छ। घ्याङ गुठी सचिवालयले राजगुठीका नाममा रहेको जग्गा हडप्न खोज्नेहरूका बारेमा अनुसन्धान गरी कानुनी कारबाही गर्न पनि आयोगसँग माग गरेको छ।

बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष राजकुमार लामा र सदस्यहरूको सम्पत्ति छानबिन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण विभागमा पनि उजुरी परेको छ। समितिको बजेटमा अनियमितता गरी अध्यक्ष लामा र सदस्यहरूले विभिन्न देशको विना प्रयोजन भ्रमण गरेको भनेरसमेत दुवै निकायमा उजुरी परेको छ। ***रासस***

***युद्धको...***

खसालिएको एफ-१५ लडाकू विमानका एक एयरम्यानलाई 'साहसी' उद्धार अभियानमार्फत जीवितै फेला पारिएको अमेरिकी पक्षले जनाएको छ। उक्त अभियानमा दर्जनौँ अमेरिकी विमान संलग्न भएको र एयरम्यान गम्भीर घाइते रहेको बताइएको छ। तर, इरानले भने अमेरिकी कारबाही पूर्ण रूपमा असफल भएको दाबी गरेको छ। अमेरिकी विशेष बलहरू इरानी भूमिमा गहिरो प्रवेश गरेको र उद्धारका क्रममा प्रयोग गरिएका दुई विमान नष्ट भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

यसै क्रममा दक्षिणपश्चिमी इरानस्थित कासिम सुलेमानी अन्तर्राष्ट्रिय विमानस्थलमा अमेरिका-इजरायलले संयुक्त हवाई आक्रमण गरेको इरानी सरकारी सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

# गङ्गालाल अस्पतालमा स्वास्थ्य बीमा उपचार सेवा बन्द हुँदा बिरामीलाई पीडा

काठमाडौँ, २३ चैत। काठमाडौँ बुढानीलकण्ठस्थित सहिद गङ्गालाल हृदय रोग केन्द्रले बीमाको आधारमा स्वास्थ्य उपचार सेवा बन्द गरेको छ।

अस्पतालले स्वास्थ्य उपचार गरेबापतको रकम बीमा प्राधिकरणबाट नपाएपछि माघ १९ देखि सूचना टाँस गरी अनिश्चितकालको लागि सेवा बन्द गरेको हो। अस्पतालको उक्त निर्णयबाट दैनिक हजारौँ हृदय रोगका बिरामीले दु:ख पाइराखेका छन्। बाहिर जिल्लाबाट रेफर पुर्जी लिएर आएका बिरामीहरू सहिद गङ्गालाल अस्पताल पुग्दा स्वास्थ्य बीमा सेवा बन्द हुँदा बिरामीको पीडामाथि पीडा थपिएको छ।

निवर्तमान प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले जसरी भए पनि स्वास्थ्य बीमा सेवा चालू राख्ने बताए पनि केही गरेको थिएन। अहिले नयाँ प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको नयाँ सरकारको त्यतातिर ध्यान पुग्न सकेको छैन। बारा जिल्लाबाट आएका मुटु रोगको बिरामी मुक्ति यादवले आफूसँग स्वास्थ्य बीमा भएको तर अहिले स्वास्थ्य बीमाबाट उपचार नहुने सूचना देख्दा र उपचारका लागि आफूसित पर्याप्त रकम नभएको दुखेसो पोख्नुभयो। अन्य बिरामी र बिरामीका आफन्त पनि निराश हुँदै उपचारको निम्ति रकम जुटाउन बाध्य भएको देखिएको छ।

***नेताहरू...***

दरबारियाहरू छिमेकी सरकारहरूसँग सहयोग लिई आफ्नै देशमाथि आक्रमण गराउन चाहन्थे। राजा म्याक्रौँ भागे तर उनी पक्राउमा परे; राजाले पुन: जनताको सभालाई निन्दा गरेको पत्र जनताको हातमा पुग्यो। अब जनता गणतन्त्र स्थापना गर्ने र राजालाई ज्यान सजाय दिने पक्षमा गए। गिरोन्डिनहरू राजाको हत्या र गणतन्त्रको पक्षमा थिएनन्। जनताको सभामा जेकोबिनहरूको सङ्ख्या र राजनीतिक प्रभाव बढी थियो। परिस्थितिको चेपुवामा परेर मिराबौँ २ अप्रिल १७९१ को दिन ४२ वर्षको उमेरमा मरे।

त्यसैबेला पेरिसमा ४८ हजार अवैतनिक स्वयम्सेवकहरूको सेना गठन भयो। तिनीहरू जेकोबिन समर्थक थिए। जेकोबिनभित्रका अर्का खान्दानी नेता थिए लाफायत। उनको सङ्गत कुलीन दरबारियाहरूसँग थियो र आफू संरा अमेरिकाको पहिलो राष्ट्रपति वासिङटन बन्ने महत्त्वाकाङ्क्षा राख्थे। उनलाई लुई १६ औँले सेनापति बनाए। उनको ठुलो प्रचार गराइयो। कसै कसैले उनलाई व्यङ्ग्य गर्थे, "उनी दुई संसारका नायक हुन्!" उनले गुप्तरूपले राजपरिवारको पक्षमा एक प्रदर्शन गर्न लगाए। बिस्तारै उनी जनताको आँखाबाट लुक्न सकेनन्। साह्रै चर्चित र प्रशंसित लाफायत १८ अगस्त १७९२ मा हलैन्ड भागे।

धेरै प्रचार गरिएका प्रधानमन्त्री र राष्ट्रपति बन्ने महत्त्वाकाङ्क्षीहरू नाङ्गिँदै र भाग्दै गए। सिद्धान्तच्युत र विश्वासघाती नेताहरू जनताबाट तिरष्कृत भए र मारिए। प्रतिक्रान्ति भयो - प्रतिक्रियावादीहरूले जेकोबिनहरूलाई आपसमा फुटाए। तिनीहरू षड्यन्त्र र कुटील राजनीतिबाट पक्राउ परे; पालैपालो गिलोटिनमा काटिए। आखिर पुन: राजतन्त्र स्थापना भयो; राजा फिलिप गद्दीमा पुगे; नेपोलियन सत्तामा पुगे; क्रान्तिको पतन भयो।

अब नेपाल कता ? जवाफ कुन शासक दल र नेताले दिने ?

***स्रोत : 'श्रमिक' साप्ताहिक, ७ वैशाख, २०७८ (20 April, 2021)***

***मार्क्सवादले...***

सक्छौँ र हाम्रो वरिपरिको संसारलाई बुझ्न हामीले आफैँले गर्नुपर्ने कामहरू के-के हुन्?"

मैले मार्क्सको पद्धति र उनका ठोस सिद्धान्तहरूको उपयोगितालाई समसामयिक घटना र मुद्दाहरूको विश्लेषणमा प्रयोग गरेर देखाउने जमर्को गरेँ। निकै ढिलो गरी मात्र मैले महसुस गरेँ कि मैले मार्क्सका दुईवटा महत्त्वपूर्ण राजनीतिक कृतिहरूबिचको खाडललाई पुर्ने काम गरिरहेको रहेछु। 'द मार्क्स प्रोजेक्ट' अन्तर्गतका मेरा हालैका पुस्तकहरूमध्ये 'सेभेन्टिन कन्ट्राडिक्सन्स एन्ड द एन्ड अफ क्यापिटलिज्म' (Seventeen Contradictions and the End of Capitalism) मा मैले 'पुँजीवाद-विरोध' को अर्थ के हुन सक्छ भनेर परिभाषित गरेको छु र वर्तमान स्थितिलाई हेर्दै पुँजीवादविरोधी बन्नु पछाडिका तर्कसङ्गत कारणहरू दिएको छु।

त्यस्तै, 'मार्क्स, क्यापिटल एन्ड द म्याडनेस अफ इकोनोमिक रिजन' ( Marx, Capital and the Madness of Economic Reason) मा मैले पुँजीको समसामयिक सङ्कटलाई बुझाउन मार्क्सका कामहरूको प्रणालीगत व्याख्या गर्ने प्रयास गरेको छु। मेरा प्रत्येक पुस्तकले कुनै न कुनै विशेष विषय वा परिस्थितिमा मार्क्सको विश्लेषणको एउटा पाटोलाई खोतल्ने काम गरेका छन्। मलाई आशा छ- यी सबैको सामूहिक प्रभावले अरूलाई पनि मार्क्सलाई ध्यानपूर्वक र खुला मनले पढ्न प्रेरित गर्नेछ, जसले गर्दा यस्ता व्यवहारिक अध्ययनहरूको बाटो खुल्नेछ।

'द स्टोरी अफ क्यापिटल' (The Story of Capital) पुँजीको कथालाई यसरी व्यक्त गर्ने एउटा अर्को प्रयास हो, जसलाई मानिसहरूले व्यक्तिगत र राजनीतिक दुवै रूपमा बुझ्न र प्रयोग गर्न सकून् भन्ने मलाई आशा छ। सामूहिक रूपमा हामी वास्तवमै यो संसारलाई बदल्न सक्छौँ; यद्यपि मार्क्सले औंल्याएझैँ यो कहिल्यै पनि हाम्रो आफ्नै रोजाइको परिस्थितिमा भने हुँदैन। तर, ती परिस्थितिको सैद्धान्तिक चिरफार गर्नु नै तिनलाई बदल्ने दिशामा एक अनिवार्य पूर्वशर्त हो। यही आधारमा, म अझ बढी मानवीय र पारिस्थितिक रूपमा संवेदनशील विकल्प निर्माण गर्ने खोजीमा यो पाठ प्रस्तुत गर्दछु।

यो पाठ 'द स्टोरी अफ क्यापिटल' (The Story of Capital) बाट सम्पादन गरिएको अंश हो।

***- न्युस्टेटम्यानमा प्रकाशित लेखबाट अनुदित***

## हार्दिक समवेदना

जन्म
२०११/०२/२५



निधन
२०८२/१२/१८

हाम्रा आत्मीय मित्र श्रीकृष्ण दुमरुका पूजनीय पिता **धनबहादुर दुमरू**को दु:खद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पन गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**२ गते साथीभाइ समूह**
चोर्चा, भक्तपुर

## सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ।

### भित्तेपात्रो वितरणसम्बन्धी सूचना



**नव वर्ष २०८३ सालको संस्थाको भित्तेपात्रो** सदस्यहरूलाई **नि:शुल्क वितरण** भइरहेको हुँदा संस्थाको केन्द्रीय कार्यालय तथा सेवाकेन्द्रहरूबाट आ-आफ्नो प्रति बुझिलिनुहुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ।

**व्यवस्थापक**

### संस्थाको ऋण सुविधा उपयोग गरौँ

**नव उद्यम ऋण**

वार्षिक ६.५% ब्याजदरमा

- स्वदेशमै नयाँ व्यवसाय सुरू गर्न।
- हाल अधिकतम **पच्चीस लाख**सम्मको लगानी।

* सर्तहरू लागु हुनेछ।




### गतिविधि



शिक्षा उपसमितिको आयोजनामा सम्पन्न अनिवार्य शिक्षा शिविरमा आफ्नो मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा। (चैत २१)



६९ औँ राष्ट्रिय सहकारी दिवसको प्रभातफेरीमा संस्थाको समिति, उपसमिति, संस्थापक एवं कर्मचारीहरूको सहभागिता। (चैत २०)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा